# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४७७३५७७, ९७६१९१५४००, ९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक २६९ | काठमाडौं | बुधबार, १४ माघ २०८२ | Prabhab National Daily | Wednesday, 28 January 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# पश्चिम नेपालबाट भित्रियो वर्षा

## काठमाडौंमा हल्का वर्षाको सम्भावना

- न्यून चापीय प्रणालीका कारण कैलाली, बैतडी, कञ्चनपुर, डडेलधुरा र दार्चुला क्षेत्रमा वर्षा
- आज बिहानैबाट देशभर नै बादल लाग्ने र काठमाडौंमा पनि हल्कादेखि मध्यमसम्म वर्षा गराउन सक्ने
- कोशी र मधेसमा तुलनात्मकरूपमा कम असर देखिने

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मंगलबार साँझबाट पश्चिम नेपालमा वर्षा सुरु भएको छ । मंगलबार साँझ प्रवेश गरेको पश्चिमी न्यून चापीय प्रणालीका कारण कैलाली, बैतडी, कञ्चनपुर, डडेलधुरा र दार्चुला क्षेत्रमा वर्षा सुरु भएको हो ।

सामाजिक सञ्जालमा प्रयोगकर्ताहरूले कैलालीको धनगढी, कञ्चनपुरको चाँदनी दोधारा क्षेत्रमा ठूलै पानी परेको उल्लेख गरेका छन् । उनीहरूले वर्षाका कारण चुनावी कार्यक्रमसमेत प्रभावित भएको बताएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का हेमन्त ऐरले वर्षाका कारण बैतडीमा हुने कार्यक्रम अनिश्चित भएको बताएका छन् । आफू धनगढीमा रहेको उल्लेख गर्दै ऐरले बुधबारका लागि तय गरेको चुनावी घरदैलो अनिश्चित भएको बताएका हुन् ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका वरिष्ठ मौसमविद् वरुण पौडेलले चाँदनी दोधारा क्षेत्रमा पनि वर्षा सुरु भएको बताए । डोल्पा, हुम्लातिर भने आइतबारबाटै हिमपात सुरु भइसकेको छ । उक्त प्रणालीका कारण राति थप वर्षा र हिमपात हुँदै प्रणाली पूर्व सर्दै आउने पनि पौडेलले बताए ।

पौडेलका अनुसार बुधबार बिहानैबाट देशभर नै बादल लाग्ने र काठमाडौंमा पनि हल्कादेखि मध्यमसम्म वर्षा गराउन सक्ने छ । प्रणाली पूर्वतर्फ सर्दै आउँदा कोशी र मधेसमा अलि कम असर देखिने सम्भावना रहेको पनि पौडेलले बताए ।

मंगलबार साँझ दार्चुलामा एक घण्टामै १.४ मिलिमिटर र बैतडीमा ०.८ मिलिमिटर वर्षा भएको छ । यसैगरी कञ्चनपुरका विभिन्न क्षेत्रमा १.८ मिलिलिटरसम्म वर्षा भएको विभागले जनायो । विभागले साँझ सार्वजनिक गरेको विवरणमा मंगलबार राति गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशलगायत बाँकी उच्च पहाडी तथा हिमाली भू-भागमा पूर्णतया बादल लाग्ने तथा बाँकी पहाडी र तराईका भू-भागमा आंशिक बादल लाग्ने छ । 'आज (मंगलबार) रातिदेखि भोलि (बुधबार) दिउँसोसम्म विभिन्न ठाउँमा हिउँ/पानी पर्ने सम्भावना छ । आज राति गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका धेरै स्थानहरूमा मध्यम हिमपात/वर्षा । भोलि सबै प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थानहरूमा मध्यम हिमपात/वर्षाको सम्भावना रहेको छ,' विभागले जारी गरेको बुलेटिनमा भनिएको छ, 'साथै, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका बाँकी भू-भागका केही स्थानहरूमा मध्यम वर्षा तथा बागमती प्रदेश, मधेस प्रदेश र कोशी प्रदेशका पहाडी भूभागका थोरै स्थानहरूमा र कोशी प्रदेशको तराईका एक-दुई स्थानमा हल्का वर्षाको पनि सम्भावना रहेको छ ।'

त्यसैगरी आज (बुधबार) काठमाडौंमा वर्षा हुने सम्भावना रहेको विभागले जनायो । उच्च पहाडी तथा हिमाली भू-भागमा पूर्णतया बादल लाग्ने छ, बाँकी पहाडी र तराईका भू-भागमा साधारणतया बादल लाग्ने बुलेटिनमा उल्लेख छ । 'उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थानहरूमा मध्यम हिमपात/वर्षाको सम्भावना रहेको छ । गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका बाँकी भू-भागका केही स्थानहरूमा मध्यम वर्षा तथा बागमती प्रदेश, मधेस प्रदेश र कोशी प्रदेशका पहाडी भू-भागका थोरै स्थानहरूमा र कोशी प्रदेशको तराईको एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ,' मौसम बुलेटिनमा भनिएको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचन

# उम्मेदवार घरदैलोमा नेतृत्व घोषणापत्र लेख्दै

- कांग्रेसले सभापति गगन थापाको नेतृत्वमा र एमालेले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा घोषणापत्र लेखन अन्तिम चरणमा
- नेकपाले नारायणकाजी श्रेष्ठको नेतृत्वमा र रास्वपाले डा स्वर्णिम वाग्लेको नेतृत्वमा घोषणापत्र लेख्दै
- एमाले लोकतन्त्रलाई लयमा ल्याउने, समृद्ध नेपाल, सुखी नेपालीजस्ता पुरानै एजेण्डा अघि सार्दै, कांग्रेससहित अरू दल भने यथार्थवादी नारा तय गर्दै

उज्यालो नेपाल पार्टी

राष्ट्रिय स्वतन्त्र पार्टी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा निर्वाचनका लागि उम्मेदवारहरू घरदैलो धाउन थालेका छन् । उम्मेदवारहरूले आफ्नै शैलीको नारासमेत तयार गरिसकेका छन् ।

दलहरूले भने घोषणापत्र तयार नपार्दा उनीहरू खाली हात मत मागिरहेका छन् । निर्वाचनमा एजेण्डा नै पहिलो विषय भन्दै मतदाताले भने घोषणापत्र खोजेका छन् । घोषणपत्र लेखनमा के गर्दै छन् त दलहरू । प्रमुख दल नेपाली कांग्रेसले सभापति गगन थापाको नेतृत्वमा घोषणापत्र लेख्न सुरु गरिसकेको जनाएको छ ।

मंगलबार ललितपुरस्थित पार्टीको केन्द्रीय कार्यालय सानेपामा पत्रकार सम्मेलन आयोजना गरी कांग्रेसले घोषणापत्र लेखन सुरु भएको जनाएको हो । कांग्रेसले आगामी निर्वाचनका लागि सार्वजनिक गर्ने घोषणापत्रमा 'भिजन-१०' समेटिने पार्टी प्रवक्ता देवराज चालिसेले बताए । घोषणापत्रले मुलुकको यथार्थ अवस्था चित्रण गर्दै सुशासन, विकास र व्यावहारिक कार्ययोजनालाई मुख्य आधार बनाउने उनले बताएका छन् ।

गगन नेतृत्वमा पहिलोपटक आउन लागेको घोषणापत्रका लागि विज्ञहरूसँग छलफल लिइसकेको प्रवक्ता चालिसेको भनाइ छ । उनले कांग्रेसको घोषणापत्र केवल आकांक्षा र प्रतिबद्धतामा सीमित नभइ यथार्थपरक रहने बताए । 'कार्यान्वयन गर्न आवश्यक स्रोत र उपायसमेत स्पष्टरूपमा उल्लेख गरिने छ । घोषणापत्रमा स्रोत व्यवस्थापनका उपायहरू पनि समेटिन्छन्,' चालिसेले भने ।

स्थानीय तह, क्षेत्र र जिल्लाबाट आएका सुझावलाई एकीकृत गरेर राष्ट्रिय आवश्यकतासँग जोडिनेसमेत उनले बताए । घोषणापत्रमा जेन-जी विद्रोहका क्रममा उठेका सवालहरूसमेत कांग्रेसले समेट्ने तयारी गरेको छ । 'कांग्रेसले गर्न सक्ने क्षमता, व्यावहारिकता र कार्यान्वयनयोग्य कार्यक्रम समेटिएको घोषणापत्र ल्याउँछ । यो घोषणापत्रले हरेक नागरिकको मन छुने, सबै वर्ग, क्षेत्र र समुदायको भावना अटाउने प्रयास गर्ने छ,' चालिसेले भने ।



कांग्रेसले गर्न सक्ने क्षमता, व्यावहारिकता र कार्यान्वयनयोग्य कार्यक्रम समेटिएको घोषणापत्र ल्याउँछ । यो घोषणापत्रले हरेक नागरिकको मन छुने, सबै वर्ग, क्षेत्र र समुदायको भावना अटाउने प्रयास गर्ने छ ।

■ **देवराज चालिसे**
प्रवक्ता, नेपाली कांग्रेस

कांग्रेसको घोषणापत्रले वर्तमान चुनौती र भविष्यको दिशालाई एकैसाथ सम्बोधन गर्दै विश्वासयोग्य विकल्प प्रस्तुत गर्ने तयारी गरेको छ । पार्टीले घोषणापत्रमार्फत स्थिरता, उत्तरदायित्व र समावेशी विकासको स्पष्ट खाका जनतासामु राख्ने तयारी गरेको बताइएको छ । कांग्रेसले सभापति थापालाई प्रधानमन्त्रीको उम्मेदवारको रूपमा अघि सार्दै विशेष महाधिवेशनमा प्रस्तुत प्रतिवेदनका विषयहरू समेटेर घोषणापत्र ल्याउने तयारी गरेको छ ।

यता नेकपा एमालेले घोषणापत्र निर्माणको जिम्मेवारी अध्यक्ष केपी शर्मा ओलीलाई दिएको छ । ओली झापाबाट फर्केसँगै घोषणापत्र निर्माणमा जुटेका छन् । घोषणापत्र मस्यौदा समितिमा उपाध्यक्षहरू विष्णु पौडेल, रामबहादुर थापा, केन्द्रीय सदस्य प्रदीप ज्ञवाली र विष्णु रिमाल छन् । यो समितिले घोषणापत्र लेखनको काम तीव्र गतिमा अघि बढाइसकेको पार्टी प्रचार विभाग प्रमुख मीनबहादुर शाहीले बताए ।

एमालेले यसपटक पुरानै नारा समेटेर घोषणापत्र ल्याउने तयारी गरेको शाहीले बताए । 'समृद्ध नेपाल, सुखी नेपाली'को परिकल्पनाअनुसार घोषणापत्र तयारी गरिरहेको नेता शाही बताउँछन् । जेन-जी विद्रोहको विरोध गर्दै आएको एमालेले लोकतन्त्रलाई लयमा ल्याउने विषयलाई मुख्य एजेण्डा बनाउने तयारीसमेत गरेको छ । एमालेले विज्ञसँग छलफल गरी घोषणापत्र तयारी अवस्थामा राखेको र केही दिनमा सार्वजनिक गर्ने शाहीले बताए ।

यता नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले यो निर्वाचनमा मुख्य गरी सुशासन, सामाजिक न्याय र समृद्धिको मुद्दा घोषणापत्रमा समेट्ने तयारी गरेको छ । नेकपाले नेता नारायणकाजी श्रेष्ठलाई घोषणपत्र लेखनको संयोजक तोकेको छ । यो समितिमा प्रमेश हमाल, भीम रावल, देव गुरुङ, गिरिराजमणि पोखरेल, शक्ति बस्नेत, हरिबोल गजुरेल, राजेन्द्र श्रेष्ठ, पम्फा भुसाल, रामचन्द्र झा, हरि चौधरी, हाकिकुल्ला खाँ, अजम्बर काङबाङ, शेरबहादुर कुँवरलगायत छन् । नेता राजेन्द्र श्रेष्ठका अनुसार घोषणापत्र मस्यौदा कमिटीले मस्यौदा तयार गरिरहे पनि सार्वजनिक गर्ने मिति तय भइसकेको छैन ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# सरकारलाई दबाब दिन माइतीघर मण्डलमा उत्रिए इपिएसपीडित

## माग सम्बोधन नभएसम्म आन्दोलन जारी राख्ने घोषणा

■ **ममता थापा**

**काठमाडौं–** इपिएस भाषा परीक्षा उत्तीर्ण भएर कोरिया जान नपाएका युवाहरूले मंगलबार माइतीघर मण्डलमा धर्ना दिएका छन् । आफूहरूको मागलाई कसैले नसुनेकाले माइतीघरबाट दबाब दिन बाध्य भएको उनीहरूको भनाइ छ ।

गत माघ ६ गतेदेखि भैंसेपाटीस्थित एचआरडी कार्यालयमा धर्ना दिँदै आएका उनीहरूले आफूहरूको माग सम्बोधन नभएसम्म आन्दोलनबाट पछि नहट्ने अडान प्रस्तुत गरेका छन् । विगत एक वर्षदेखि सरकारले 'पहल गर्दै छ', 'कूटनीतिक पहल हुँदै छ' भनेर आफूहरूलाई झुक्याएकाले यसपटक निचोड निकालेरै छोड्ने उनीहरूको अडान छ । आन्दोलनमा भेटिएका राजेश लामाले आफूहरूले पटक-पटक धोका पाएकाले आन्दोलन जारी राख्ने बताए ।

'हामीलाई कोरिया गएर छलफल गर्ने भनेर आश्वासन दिइएको छ । यसका लागि समन्वय नै भएको देखिँदैन,' लामाले भने, 'आन्दोलन स्थगित गर्ने भनेको हो तर हामीलाई पटक-पटक धोका भइसकेको छ । अब हामी रोकिदैनौं ।'




### कोरियामा आज वार्ता हुँदै

कोरियामा त्यहाँको रोजगार तथा श्रम मन्त्रालय र नेपाली दूतावासका अधिकारीहरूबीच आज (बुधबार) इपिएसमार्फत जान नपाएका युवाहरूको विषयमा वार्ता हुने भएको छ । वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस शाखाका निर्देशक टीकाराम ढकालले आज नेपालका श्रम काउन्सेलर र कोरियाको श्रम मन्त्रालयका निर्देशकबीच वार्ता हुने बताए । 'बुधबार कोरियाको श्रम मन्त्रालय र नेपाली दूतावासको वार्ता छ । नेपालको तर्फबाट श्रम काउन्सेलर मैया कँडेल र कोरियाको श्रम मन्त्रालयका निर्देशकबीच वार्ता हुँदै छ,'

क्रमशः पृष्ठ २ मा

पीडित युवाहरूले कोटा थप गरेर ८० प्रतिशत रोजगारी सुनिश्चित् गर्नुपर्ने, रोस्टर अवधि बढाउनुपर्ने र छनोट प्रक्रियामा घुसपैठ भएकाले पारदर्शी बनाउनुपर्नेजस्ता माग राख्दै आएका छन् । सन् २०२५ मा कोरिया जानका लागि एक लाख ६३ हजार जना सहभागी भएको परीक्षाबाट १७ हजार ३० जना भाषा परीक्षामा उत्तीर्ण भएका थिए ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको अध्ययनअनुसार २०२६ भित्र आठ हजार ९०२ जना युवाको रोस्टर अवधि सकिँदै छ । जनवरीमा ८५३ जनाको रोस्टर अवधि सकिने छ भने फेब्रुअरीमा सबैभन्दा धेरै तीन हजार ७९६ जनाको सकिँदै छ । सरकारले दशौं हजार पीडितको माग सुनुवाइ नगरेर अप्रिय घटना निम्त्याउन खोजेको आन्दोलनको संयोजन गरिरहेका एक युवाले चेतावनी दिए ।

'यत्रो दशौं हजार मान्छे पीडित हुँदा केही पनि नगर्ने त ? अहिलेसम्म शान्तिपूर्णरूपमा आन्दोलन भइरहेको छ । तर सरकारले पीडितलाई पीडितमात्र बनाइरहेको छ । दिनदिनै उनीहरूको आशा मरेको मर्‍यै छ,' उनले भने, 'जुन दिन सबको रोस्टर सकिन्छ त्यसपछि उग्र हुन्छन् । यदि समयमै हाम्रो माग सम्बोधन भएन भने अप्रिय घटना घट्न सक्छ ।'

क्रमशः पृष्ठ २ मा

# काठमाडौंका नौ स्थान महिला निर्वाचन अधिकृतको कमाण्डमा



काठमाडौं सबैभन्दा ठूलो निर्वाचन क्षेत्र भएको जिल्ला हो । यहाँका अधिकांश स्थानको जिम्मेवारी सरकारले महिलालाई सुम्पेको छ, जुन विश्वास र भरोसाले जिम्मेवारी पाएका छौं, हामीले इमानदारिताका साथ निभाएका छौं ।

■ **चमिला भट्टराई**
मुख्य निर्वाचन अधिकृत, काठमाडौं-३

**महिला मुख्य निर्वाचन अधिकृत को कहाँ ?**

| निर्वाचन क्षेत्र | नाम |
|---|---|
| काठमाडौं-२ | शान्ति न्यौपाने |
| काठमाडौं-३ | चमिला भट्टराई |
| काठमाडौं-४ | कृष्णा भण्डारी |
| काठमाडौं-५ | श्रद्धा रिजाल |
| काठमाडौं-६ | चपला पोखरेल |
| काठमाडौं-७ | सविता शर्मा |
| काठमाडौं-८ | सम्झना खनाल |
| काठमाडौं-९ | मेनुका घिमिरे |
| काठमाडौं-१० | अमृताकुमारी शर्मा |

■ **मधु शाही**

**काठमाडौं–** आगामी फागुन २१ गतेका लागि निर्धारित प्रतिनिधिसभा सदस्यको निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको छ । निर्वाचन घोषणा भएयता निर्वाचन हुने वा नहुने आशंकाका बीचबाट सुरु भएको निर्वाचनको तयारी अहिले सुनिश्चिततातर्फ अघि बढेको छ ।

निर्वाचन गराउने कार्यादेश पाएको सरकारले यसलाई प्रमुख प्राथमिकताका साथ अगाडि बढाएको छ । जसका कारण अहिले मुलुक निर्वाचनमय बनेको छ । त्यसबाट संघीय राजधानी काठमाडौं अछुतो रहने कुरै भएन ।

काठमाडौं सबैभन्दा बढी निर्वाचन क्षेत्र भएको जिल्ला हो । यहाँ १० वटा निर्वाचन क्षेत्र छन् । प्रत्येक निर्वाचनमा काठमाडौंका १० वटै निर्वाचन क्षेत्रको चर्चा विशेष रहन्छ । यसपटक पनि राजनीतिक दलहरू यी निर्वाचन क्षेत्रमा आफ्नो बलियो उपस्थिति कायम गर्न हरसम्भवले प्रयास गरिरहेका छन् । अझ जेन-जी आन्दोलनका कारण हुन लागेको निर्वाचनले अझ विशेष बनेको छ । त्यसको जिम्मेवारी सरकारले महिला निर्वाचन अधिकृतको काँधमा सुम्पेको छ ।

काठमाडौं निर्वाचन क्षेत्र नं ३ की मुख्य निर्वाचन अधिकृत चमिला भट्टराई यसलाई सकारात्मकरूपमा लिनुपर्ने बताउँछिन् । 'काठमाडौं सबैभन्दा ठूलो निर्वाचन क्षेत्र भएको जिल्ला हो । यहाँका अधिकांश स्थानको जिम्मेवारी सरकारले महिलालाई सुम्पेको छ, जुन विश्वास र भरोसाले जिम्मेवारी पाएका छौं, हामीले इमानदारिताका साथ निभाएका छौं,' उनले भनिन् ।

महालेखा नियन्त्रक कार्यालयकी निर्देशक भट्टराई महिलाले अवसर पाउने हो भने जिम्मेवारीपूर्वक कर्तव्य पालना गर्ने बताउँछिन् ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

## उम्मेदवार...

यसपटक नेकपाभित्र प्रत्यक्ष कार्यकारी राख्नुपर्ने विषय जोडका साथ उठेको नेताहरू बताउँछन् । तर यो विषय समेटिन्छ वा समेटिदैनन् भन्ने विषय यकीन भइनसकेको श्रेष्ठ बताउँछन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै वाचापत्र सार्वजनिक गर्ने तयारी गरेको छ । उपसभापति डा. स्वर्णिम वाग्लेको संयोजकत्वमा वाचापत्र लेखन कार्य निरन्तर भइरहेको पार्टीका प्रवक्ता मनिष झाले बताए ।

झाका अनुसार फागुन महिनाको पहिलो साताभित्र उक्त दस्तावेज सार्वजनिक गर्ने तयारी छ । रास्वपाले वाचापत्र बनाउन 'वाचापत्र मस्यौदा कार्यदल' गठन गरेको छ । उक्त कार्यदलमा डा. नन्दन यादव, डा. अरनिको पाण्डेलगायत विभिन्न क्षेत्रका विज्ञ तथा नेताहरूको सहभागिता रहेको जनाइएको छ । कार्यदलले पार्टीको नीति, दृष्टिकोण र शासन प्रणालीसम्बन्धी प्राथमिकताहरू समेट्ने गरी मस्यौदा तयार गरिरहेको प्रवक्ताको भनाइ छ । रास्वपाले पूर्वमेयर बालेन्द्र (बालेन) शाह लाई प्रधानमन्त्रीको उम्मेदवारको रूपमा अघि सारेर दैश दौडाह अभियान चलाएका छन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टी, जनमत पार्टी, उज्यालो नेपाल, नेकपा संयुक्तलगायत दलले पनि चुनावी घोषणापत्र बनाइरहेका छन् । यी घोषणापत्रमा कस्ता एजेण्डा समावेश गर्छन् भन्ने विषय सार्वजनिक गरेका छैनन् ।

■■■

## सरकारलाई...

श्रम मन्त्रालय र पीडितपक्ष माघ ८ र ९ गते वार्तामा बसेका थिए । त्यसपछि पनि उनीहरूले आन्दोलनलाई निरन्तरता दिएका हुन् । रोजगार अनुमति प्रणाली (इपिएस) मा विगतदेखि देखा पर्दै आएको समस्या समाधानका लागि श्रमसचिवको नेतृत्वको टोली कोरिया जाने मन्त्रालयले बताउँदै आएको छ । यसका लागि नेपालले पत्राचार गरिसकेको भए पनि कोरियाबाट स्वीकृत हुन बाँकी रहेको बताइएको छ । नेपालको टोली कोरिया गएर समस्याहरू नराखेसम्म यसको समाधान नहुने पीडित युवाहरूको भनाइ छ ।

■■■

## कोरियामा...

उनले भने, 'उक्त वार्ताबाट निर्णय नै त नआउला तर यसलाई कसरी लान सकिन्छ भनेर छलफल होला ।' पीडितपक्षको माग सम्बोधन गर्न आफूहरूले सक्दो प्रयास गरिरहेको ढकालले बताए । यद्यपि, नेपालले यस विषयमा निर्णय नलिने भएकाले यही दिन माग सम्बोधन हुन्छ भनेर भन्न सक्ने अवस्था नरहेको उनले बताए ।

■■■

## काठमाडौंका...

खासगरी बोलीमा मिठास र भावपूर्ण व्यवहार प्रस्तुत गर्नु महिला नेतृत्वको मौलिक गुण हो भन्ने भट्टराईको धारणा छ । यसअघि स्थानीय तहको निर्वाचनमा मुख्य जिम्मेवारी लिएको अनुभव बटुलेकी उनले महिला नेतृत्वप्रति अरूले गर्ने व्यवहार पनि सभ्य र शालीन हुने गरेको बताइन् । उनी भन्छिन्, 'रिसै उठेर आउनेहरू पनि महिलाका अगाडि आएपछि शान्त भइदिनुहुन्छ, स्थानीय निर्वाचनले मलाई अझ बढी परिपक्व बनाएको छ ।'

महान्यायधिवक्ताको कार्यालयकी उपन्यायाधिवक्ता शान्ति न्यौपानेले काठमाडौं क्षेत्र नं २ को निर्वाचन अधिकृतको भूमिका निर्वाह गरेकी छन् । आफूले लिएको जिम्मेवारी पूरा गर्नेमात्रै होइन, अत्यन्त सभ्य र शान्त वातावरणमा निर्वाचन सम्पन्न गर्नुपर्ने मुख्य जिम्मेवारीमा उनी सचेत छिन् । परिवारको दायित्व निभाउनुका साथै अवसर पाउँदा कार्यालयले दिने हरेक कार्य कुशलताका साथ आफूले काम गर्दै आएको उनको भनाइ छ ।

निर्वाचन आयोगका अनुसार उच्च सरकारी वकिल कार्यालय पाटनकी उपन्यायाधिवक्ता कृष्णा भण्डारी काठमाडौं-४ मा र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयकी उपसचिव श्रद्धा रिजाल काठमाडौं-५ मा मुख्य निर्वाचन अधिकृत छन् । साथै, उच्च सरकारी वकिल कार्यालय पाटनकी उपन्यायाधिवक्ता चपला पोखरेलले काठमाडौं-६ मा, आन्तरिक राजस्व विभागकी उपन्यायधिवक्ता सविता शर्मा काठमाडौं-७ मा, रक्षा मन्त्रालयकी उपसचिव सम्झना खनाल काठमाडौं-८ मा, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयकी उपसचिव मेनुका घिमिरेमा काठमाडौं-९ र सर्वोच्च अदालतकी उपरजिस्ट्रार अमृताकुमारी शर्मामा काठमाडौं-१० को मुख्य निर्वाचन अधिकृतका रूपमा काम गरिरहेका छन् ।

त्यस्तै, काठमाडौंभन्दा बाहिर पर्सा-४ मा नुतन झा, सिन्धुली-१ मा निमा घिमिरे, नवलपरासी (बर्दघाट)-२ मा सर्वोच्च अदालतकी उपरजिस्ट्रार सीता अधिकारी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयकी उपसचिव इन्दुदेवी न्यौपाने नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)-१, कास्की-१ मा सर्वोच्च अदालतकी इजलास अधिकृत सीता रेग्मीले मुख्य निर्वाचन अधिकृतको भूमिका निर्वाह गरेका छन् ।

साथै, मकवानपुर-१ मा जिल्ला अदालत मकवानपुरकी न्यायाधीश गीता श्रेष्ठ, सिन्धुपाल्चोक-२ मा जिल्ला न्यायाधीश रीताकुमारी बखेल र बागलुङ-१ मा जिल्ला न्यायाधीश सीता शर्मा अधिकारी, भक्तपुर-२ मा राधिका सुवाल, ललितपुर-१ मा इशा सुवेदी र ललितपुर-२ मा सर्वोच्च अदालतकी इजलास अधिकृत सम्झना सिम्खडा पुडासैनी मुख्य निर्वाचन अधिकृत छन् । *रासस*

### महिला मुख्य निर्वाचन अधिकृत को कहाँ ?

| | |
|---|---|
| पर्सा-४ | नुतन झा |
| सिन्धुली-१ | निमा घिमिरे |
| नवलपरासी (बर्दघाट)-२ | सीता अधिकारी |
| नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)-१ | इन्दुदेवी न्यौपाने |
| कास्की-१ | सीता रेग्मी |
| मकवानपुर-१ | गीता श्रेष्ठ |
| सिन्धुपाल्चोक-२ | रीताकुमारी बखेल |
| बागलुङ-१ | सीता शर्मा अधिकारी |
| भक्तपुर-२ | राधिका सुवाल |
| ललितपुर-१ | इशा सुवेदी |
| ललितपुर-२ | सम्झना सिम्खडा पुडासैनी |

# आचारसंहिता उल्लंघन गरेको आरोपमा स्पष्टीकरण माग



**काठमाडौं (प्रस)**– निर्वाचन आयोगले निर्वाचन आचारसंहिता उल्लंघन गरेको आरोपमा राजनीतिक दल, उम्मेदवार, सामाजिक संस्था र विद्यालय गरी विभिन्न सात व्यक्ति तथा निकायलाई स्पष्टीकरण सोधेको छ ।

नेपाल जनसेवा पार्टीकी प्रतिनिधिसभा सदस्य पदको उम्मेदवार जानुका पाठक (शोभा पाठक) लाई सामाजिक सञ्जालमा त्यसै निर्वाचन क्षेत्रका अर्का उम्मेदवार तथा पार्टीविरुद्ध गाली, भ्रामक वा द्वेषपूर्ण र व्यक्तिगत मानहानि गर्ने सामग्री प्रसारण गरी आचारसंहिताको उल्लंघन हुने कार्य गरेको हो वा होइन भनी स्पष्टीकरण सोधेको आयोगकी सहायक प्रवक्ता सीता पुन श्रीसले जानकारी दिइन् । जसअन्तर्गत निर्वाचन आचारसंहिता, २०८२ को दफा ४ को खण्ड (ञ) र (ण) उल्लंघन गरेको हो वा होइन भनी उनलाई आयोगले स्पष्टीकरण सोधेको हो ।

त्यसैगरी श्रम संस्कृति पार्टीलाई पनि आयोगले दलको लोगो, नाम, चिह्न र उम्मेदवारको तस्बिर अंकित टिसर्ट लगाई बालबालिकाको प्रयोग गरेर आचारसंहिताको उल्लंघन गरेको हो वा होइन भनी स्पष्टीकरण सोधेको उनले बताए । यसबाट निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (घ) उल्लंघन भएको ठहर गर्दै आयोगले स्पष्टीकरण सोधेको हो ।

जनसेवा पार्टीकै अर्का उम्मेदवार कमल भुसाल (डा. निकोलस) लाई पनि आयोगले सामाजिक सञ्जालसमेतमा सार्वजनिक गरेको जुत्ता सम्बन्धमा जेनजी आन्दोलनमा रगतमा लतपतिएको भाइरल जुत्ता अमुक व्यक्तिको रहेको र सो जुत्ता दरूपयोग भएको भनी उजुरी पर्न आएकाले आयोगले स्पष्टीकरण सोधेको छ ।

नेपाल स्वास्थ्य स्वयंसेवक संघलाई ट्रेड युनियनको अधिवेशन गर्न लागेको भन्ने विषयको उजुरी प्राप्त भएकाले यसमा के कसो भएको हो ? कुन मितिमा अधिवेशन गर्न लागेको हो भनेर स्पष्टीकरण सोधेको आयोगले जनाएको छ । आयोगले स्वास्थ्य स्वयंसेवक संघलाई तीन दिनभित्र लिखित जवाफ पेस गर्न निर्देशन दिएको छ ।

आधारभूत विद्यालय, श्रीसिया, आदर्शचोकलाई विद्यालयमा कार्यरत बालविकास शिक्षिका सन्तोषी गुप्तालाई एवं जोरजुलम करकाप प्रयोग गरी सरुवा गरिएको भन्ने व्यहोराको उजुरी प्राप्त भएकाले यस विषयमा के कसो भएको हो ? भनी स्पष्टीकरण सोधिएको छ । निर्वाचन आचारसंहिता, २०८२ को दफा १० को खण्ड (च) अनुसार सो विद्यालयलाई स्पष्टीकरण सोधिएको पनि आयोगले जनाएको छ । विद्यालयलाई दुई दिनभित्र स्पष्टीकरण पेस गर्न आयोगले निर्देशन दिएको छ ।

नेकपा एमालेका भक्तपुर जिल्ला निर्वाचन क्षेत्र नं २ का उम्मेदवार महेश बस्नेतलाई पनि आयोगले स्पष्टीकरण सोधेको छ । मधेसी समुदायको संस्कृति र पहिचानमाथि प्रहार, भाषिक नश्लवाद र घृणास्पद अभिव्यक्ति दिएकाले कारबाही गरी पाऊँ भन्ने विषयको उजुरी पर्न आएकाले उजुरीमा उल्लेख गरिएजस्तो अभिव्यक्ति दिनुभएको हो वा होइन भनी आयोगले स्पष्टीकरण सोधेको हो ।


**साउदीमा रोजगार** कम्पनी : ABDULLAH RASHID ALMAADI TRANSPORTATION ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/१०/११ LT. No. 337776 चलानी नं.६०२५१२९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | trailer truck driver | 5 | 0 | 1800 | ६९,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ २१ गते (4th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Star Overseas Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4363546, Fax: +977-1-4363540
Email: greenstaroverseas@gmail.com, Website: www.greenstaroverseas.com
श्रम ईजाजत नं. २५७/०५८/०५९

**मलेसियामा रोजगार** कम्पनी : Kawalan Keselamatan Bumijaya Sdn Bhd

पूर्व स्वीकृति मिति : २०८१/१२/२५ पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/१३ LT. No. 321619 चलानी नं. ६०२३५७५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 100 | 0 | 1700 | ६३,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ २२ गते (5th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Global Recruitment Group Pvt.Ltd.** (BASNET AND GROUP HUMAN RESOURCE PVT LTD)
License No. : 1535/078/079
Tokha-10, Samakhusi, Kathmandu, Head Office Contact: 01-5910484, 9820103691 / 9801193079
Chitwan Branch: 9855063635, Pokhara Branch: 9802853017, Email : info@grgnepal.com.np


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/१०/१४**

**मेड स्पिरिट अलायन्स प्रा. लि.** को मिति २०८२/१०/०५ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी श्री **नेशनल एकेडेमी अफ लाईफस्टाईल मेडिसिन प्रा. लि. (दर्ता नं. २६३४९७)** कायम गर्ने गरी मिति २०८२/१०/०९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना

प्रकाशित मिति २०८२/१०/१४ गते

यस कार्यालयमा मिति २०७९/०६/३१ मा दर्ता भएको **काभ्रेली फुड प्रोडक्ट एण्ड म.म. हाउस प्रा.लि. (प्रा.लि.नं. ३००९६१)** नामक कम्पनीले दफा १३६क अनुशार विशेष दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि **३० (तिस)** दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**बेम्बो कटेज एण्ड सेकुवा कर्नर प्राईभेट लिमिटेड**
**(लिक्विडेशन) लिक्विडेटरको कार्यालय**
**का.जि.का.म.न.पा ११, माइतीघर**

### कम्पनी खारेजीमा गएको सूचना

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०८०/०२/१९ मा दर्ता भएको प्रा.लि.नं. ३१३५२०/०७९/०८० को **बेम्बो कटेज एण्ड सेकुवा कर्नर प्राईभेट लिमिटेड**को मिति २०८२/०८/०८ को एकल शेयरधनीको विशेष बैठकले विशेष प्रस्ताव पारित गरी निर्णय भए अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेसन) मा लैजाने निर्णय भएकोले यस कम्पनीमा कोही कसैको केही बाँकी बक्यौता भएमा वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नुपर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सबूत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र हकदावि गर्न निम्न लिखित लिक्विडेटरको कार्यालयमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।

**शुभन राज आचार्य (प्र.प.नं.५३५)**
**दामासाही व्यवसायी**
**त्रिपुरेश्वर, काठमाडौं**

**अरिहन्त पोलिप्याक लिमिटेड**
सोनापुर, सुनसरीको

### वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

शेयरधनी महानुभावहरु,

यस अरिहन्त पोलिप्याक लिमिटेडको सञ्चालक समितिको मिति २०८२।१०।१० मा बसेको बैठकको निर्णयानुसार कम्पनीको आ.व.२०८१।८२ को वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. सभा हुने मिति, समय र स्थान :**

**मिति : २०८२।११।०६ गते बुधबार (तदनुसार १८ फेब्रुअरी २०२६)**
**समय : अपरान्ह ३:०० बजे**
**स्थान : कम्पनीको मुख्य कार्यालय, बिराटनगर**

**छलफलका प्रस्तावहरुः**

१. संचालक समितिले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको ३२ आषाढ २०८२ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।
३. चालु आर्थिक वर्ष २०८२।८३ का लागि लेखा परिक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
४. कम्पनी ऐनको दफा ७८ को प्रतिवेदन सम्बन्धमा ।
५. संचालक नियुक्ती सम्बन्धमा ।
६. चन्दा उपहार खर्चको अनुमोदन सम्बन्धमा ।
७. संचालक समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
८. विविध ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२**
Email: dhruvswamig@gmail.com

**बुधबार, १४ माघ, २०८२**

| | |
|---|---|
| **मेष** | कमजोरीले आर्थिक असन्तुलन बन्न सक्छ । |
| **वृष** | रोकिएका काम बन्ने, आयस्रोत बढनेछ । |
| **मिथुन** | अवसर प्राप्त भएपनि मिहिनेत गनुपर्नेछ । |
| **कर्कट** | उतारचढावमा समय व्यतित हुनेछ । |
| **सिंह** | प्रतिष्ठत व्यक्तिबाट सहयोग । |
| **कन्या** | विषेश काम, रोकिएका काम बन्नेछ । |
| **तुला** | सामान्य फलदायी, परिस्थितिसँग सम्झौता । |
| **वृश्चिक** | बाधा-व्यावधान, राकम र श्रम खर्च हुनेछ । |
| **धनु** | उतारचढाव, असहजर परिस्थिति हुनसक्ने । |
| **मकर** | उपलब्धिमूलक, सानो प्रयत्नेल काम बन्ने । |
| **कुम्भ** | चुनौति भएतापनि उपलब्धि प्राप्त हुनेछ । |
| **मीन** | महत्त्वकांक्षाले समस्या निम्तन सक्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१४ माघ, २०८२ (२८ जनवरी, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४६.८१ | १४७.४१ |
| युरो | १ को | १७२.३१ | १७३.०२ |
| पाउन्ड स्टिर्लङ | १ को | १९८.५८ | १९९.३९ |
| स्विस फ्रैन्क | १ को | १८५.६१ | १८६.३७ |
| अस्ट्रेलियन डलर | १ को | १००.५५ | १००.९६ |
| क्यानाडियन डलर | १ को | १०६.५० | १०६.९४ |
| सिङगापुर डलर | १ को | ११४.७५ | ११५.२२ |
| जापानी येन | १० को | ९.२७ | ९.३१ |
| चिनियाँ युआन | १ को | २१.०८ | २१.१७ |
| साउदी अरब रियाल | १ को | ३९.१५ | ३९.३१ |
| कतारी रियाल | १ को | ४०.२८ | ४०.४५ |
| थाई भाट | ख १ को | ४.७१ | ४.७२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.९७ | ४०.१३ |
| मलेसियन रिङेट | १ को | ३६.६५ | ३६.८० |
| दक्षिण कोरियन वन | १०० को | १०.०० | १०.०४ |
| स्विडिस क्रोनर | १ को | १६.२७ | १६.३४ |
| डेनिस क्रोनर | १ को | २३.०७ | २३.१६ |
| हङकङ डलर | १ को | १८.८३ | १८.९० |
| कुवेती दिनार | १ को | ४८०.३२ | ४८२.२८ |
| बहराइन दिनार | १ को | ३८९.३९ | ३९०.९८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**नुन ओसार्दै कामदार** | नेपालगञ्ज उपमहानगरपालिका–१० ट्राफिक चोकमा रहेको साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडमा रहेको नुनलाई प्याकिङका लागि ओसार्दै कामदार ।
*तस्बिरः रासस*

# भरतपुरका वरिष्ठ इञ्जिनियर आचार्यविरूद्ध भ्रष्टाचार मुद्दा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले चितवनको भरतपुर महानगरपालिकाका तत्कालीन वरिष्ठ इञ्जिनियर भरतकुमार आचार्यविरुद्ध मंगलबार विशेष अदालतमा आरोपपत्र दायर गरेको छ ।

आचार्यले पदीय मर्यादाविपरीतका कार्य गरी अकूत सम्पत्ति आर्जन गरेको आरोपमा उक्त आरोपपत्र दायर गरिएको आयोगले जनाएको छ । आचार्यले सेवा अवधिमा आर्जन गरेको सम्पत्तिको स्रोत खुलाउन नसकेपछि गैरकानुनी सम्पत्ति आर्जन गरेको कसुरमा आरोपपत्र दायर गरिएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए ।

उनका अनुसार आचार्य इञ्जिनियर/राप तृतीय श्रेणी पदमा सेवामा प्रवेश गरेको २०४८ माघ ६ गतेदेखि २०८० असार ६ गतेसम्मको सम्पत्ति परीक्षण गरिएको थियो । परीक्षणका क्रममा छ करोड ७८ लाख ९१ हजार रूपैयाँबराबरको रकमको स्रोत खुल्न नसकेको पाइएकाले सोहीबराबरको बिगो असुल गरी कारबाहीको माग गरिएको छ ।

'...वैधानिक आयभन्दा कूल व्यय अधिक हुन गई स्रोत पुष्टि भएको नदेखिएकोबाट निज राष्ट्रसेवक प्रतिवादी भरतकुमार आचार्यले उक्त रकमबराबरको गैरकानुनी सम्पत्ति आर्जन गरेको तथ्य निज प्रतिवादीले प्रचलित कानुनबमोजिम पेस गरेको सम्पत्ति विवरणसँग अमिल्दो तथा अस्वाभाविक देखिन आएको,' आरोपपत्रमा भनिएको छ, 'निजले मनासिव कारणविना वैधानिक आयको तुलनामा अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेको स्थापित भएको तथा निजले सार्वजनिक सेवाको पदमा रहँदाका बखत अख्तियारको दुरूपयोग गरी गैरकानुनीरूपमा सम्पत्ति आर्जन गरी श्रीमतीको नाममा सम्पत्तिहरू खरिद गरेको देखियो ।'

उक्त आरोपपत्रमा आचार्यकी श्रीमती लिली सुवेदीलाई पनि प्रतिवादी बनाइएको छ । यद्यपि, प्रतिवादी आचार्यले सार्वजनिक सेवाको पदमा रहँदाका बखत अख्तियारको दुरूपयोग गरी गैरकानुनीरूपमा आर्जन गरेको स्रोत नखुल्ने सम्पत्तिहरूबाट निजकी श्रीमती सुवेदीको नाममा खरिद गरिएका सम्पत्तिहरू प्रचलित कानुनबमोजिम जफत गर्ने प्रयोजनार्थमात्र सुवेदीलाई प्रतिवादी कायम गरिएको आरोपपत्रमा उल्लेख छ ।

# घृणाजन्य अभिव्यक्ति बन्द गर्न मानवअधिकार आयोगको आग्रह

**काठमाडौं (प्रस)–** राष्ट्रिय मानवअधिकार आयोगले शान्ति सुरक्षामा असर पर्ने घृणाजन्य अभिव्यक्ति बन्द गराउन आग्रह गरेको छ। आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा घृणाजन्य अभिव्यक्तिले समाजमा घृणा फैलाउनुका साथै शान्तिसुरक्षामासमेत चुनौती सिर्जना गर्नसक्ने हुँदा शान्ति सुरक्षालाई थप मजबुत बनाउन आयोग नेपाल सरकारलाई आग्रह गरेको हो ।

विज्ञप्तिमा भनिएको छ, 'कसैले पनि नेपालको संविधान, कानुन र मानवअधिकारका अन्तर्राष्ट्रिय मूल्यमान्यताविपरीत घृणाजन्य अभिव्यक्ति नदिन, सामाजिक सञ्जालको प्रयोग गर्दा शिष्ट एवं मर्यादित भएर एकअर्काप्रति मानव अधिकारमैत्री भाषाको प्रयोग गर्न, घृणायुक्त अभिव्यक्तिको प्रचारप्रसार नगर्न र निर्वाचन आचारसंहिताको पूर्णपालना गर्न आयोग राजनीतिक दलका नेता, उम्मेदवार एवं सर्वसाधारणलाई आग्रह गर्दछ ।'

आगामी फागुन २१ गते हुने आसन्न प्रतिनिधिसभाको निर्वाचन नजिकिँदै गर्दा विगत केही दिनयता विभिन्न राजनीतिक दलका जिम्मेवार व्यक्तिहरूबाट एकअर्काप्रति आक्षेप लगाउने, घृणाजन्य अभिव्यक्तिहरू दिने तथा एक अर्काप्रति गरिएको अमर्यादित आरोपप्रत्यारोपप्रति आयोगले ध्यानाकर्षण भएको जनाएको छ ।

'यस प्रकारका घृणाजन्य अभिव्यक्तिले अराजकतालाई प्रश्रय दिने र निर्वाचनको समयमा शान्तिसुरक्षामासमेत असर पर्ने देखिन्छ,' विज्ञप्तिमा भनिएको छ, 'नेपालको संविधान र मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनहरूले अभिव्यक्ति तथा विचारको स्वतन्त्रताको प्रत्याभूति गरेको भएता पनि अरुको मर्यादामा चोट पुग्ने र शान्ति सुरक्षामा आँच पुग्न सक्ने विषयलाई विशुद्ध विचार र अभिव्यक्ति स्वतन्त्रताको मात्र विषय मान्न सकिँदैन ।'

आयोगले आफ्नो अधिकारको प्रयोग गर्दा अरुको अधिकारमा पर्नसक्ने असरप्रति जिम्मेवार व्यक्तिले सधैं ध्यान पुऱ्याउनुपर्नेमा जोड दिएको छ ।

## सच्याइएको बारे

मिती २०८२/१०/१३ गते प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित ओर्फिक ट्रेडर्स प्रा.लि को सूचनामा चाइनामा बनेको (made in china) हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

## बीमालेख हराएको सूचना

मिति २०८२/०९/०९ गतेको दिन मेरो हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडबाट जारी भएको बीमालेख बागबजारबाट भक्तपुर जाने क्रममा हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरी दिनुहुन अनुरोध गर्दछु ।

**नामः लक्ष्मी भक्त लाखे**
**बीमालेख नं.: १०२०००२३९७**
**ठेगानाः चाँगुनारायण–३, भक्तपुर**
**सम्पर्कः ९८४१७५४५३०**

## बीमालेख हराएको सूचना

मिति २०८२/०८/१३ गते मेरो लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड बिमालेख चावहिलबाट कोटेश्वर जने क्रममा मेरो निम्न व्यहोरा भएकोख हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**नामः उमेश प्रसाद सिम्खडा**
**ठेगानाः कामनपा–१६, बालाजु, काठमाडौं**
**बिमालेख नं.: १०००२८८२**
**सम्पर्क नं.: ९६०९२०३९०**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०७८/०४/२९ मा दर्ता भएको प्रा.लि.नं. २६८०३२ को **ग्रो ग्रुप प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०२/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०८०/०४/३१ मा दर्ता भएको प्रा.लि.नं. ३१७१९८ को **क्याफे डि एक्स्पर्ट प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०६/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रोपटक सूचना प्रकाशित मिति : २०८२।१०।१४**

यस कम्पनीको मिति २०८२/१०/११ को साधारण सभा/ विशेष साधारण सभाको निर्णय बमोजिम साविकको नाम **क्याटालिस्ट ग्लोबल पाथवे** (दर्ता नं. २६००६७) को नाममा रहेको चल -अचल सम्पति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण दायित्व परिवर्तित कम्पनी **युनि ब्रिज ग्लोबल प्रा.लि.**ले सकार्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराउँछौ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०७८/१२/१६ मा दर्ता भएको प्रा.लि.नं. २८८०५७ को **ईभो स्पिरिट्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०४/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८२/१०/१४ गते**

यस कम्पनीको मिति २०८२/१०/११ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **लिप नेपाल फ्याक्ट्री प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१०/११ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **लिप नेपाल ट्रेडिङ प्रा.लि. (प्रा.लि.नं. ३५७१४१)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०६९/०७/२२ मा दर्ता भएको प्रा.लि.नं. १०७१२१ को **ईभोल्यूशन क्लोदिङ्ग प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०८/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कतारमा रोजगार

**कम्पनी : SAIF TWO CONTRACTING**

पूर्व स्वीकृति मिति : २०८२/१०/१३ | LT. No. 337708 | चलानी नं. ६०२५१३३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Plumber | 1 | 0 | 1800 | ७१,७३५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cashier | 1 | 2 | 1800 | ७१,७३५ | | | | | | | |
| 3. | Cleaner General | 0 | 1 | 1800 | ७१,७३५ | | | | | | | |
| 4. | Foreman | 1 | 0 | 2800 | १११,५८५ | | | | | | | |
| 5. | Plasterer | 2 | 0 | 1800 | ७१,७३५ | | | | | | | |
| 6. | Supervisor | 1 | 0 | 2800 | १११,५८५ | | | | | | | |
| 7. | Welder | 2 | 0 | 2100 | ८३,६९० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ २१ गते (4th Feb. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1336/074/075

**Sulav Recruitment Pvt.Ltd.**
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : 01-5903011, Email: recruitment.sulav24@gmail.com, Website: www.hrsulav.com

**गोकर्णेश्वर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जोरपाटी, काठमाडौं**
**बागमती प्रदेश, नेपाल**

## विद्यालयको शेयरवाला र स्थान परिवर्तन सम्बन्धमा ३५ दिने दावी विरोध सम्बन्धी सूचना

बिपुल शिक्षा निकेतन (प्रा.लि) गोकर्णेश्वर-६, काठमाडौंको परिवर्तित शेयरधनी बलराम खनाल, शंखारापुर न.पा. १ को नाममा कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंबाट शेयरवाला कायम गरिएको विवरण प्राप्त भएको साथै उक्त विद्यालयको स्थान गोकर्णेश्वर नगरपालिका ६, काठमाडौंबाट शंखारापुर न.पा ६, काठमाडौंमा स्थानान्तरण भई जान अनुमति माग गरेको हुनाले सो विद्यालयसंग सम्बन्धित कोहि कसैको दाबी विरोध भएमा यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र गो.न.पा शिक्षा, युवा तथा शाखामा स-प्रमाण दाबी पेश गर्ने सम्बन्धमा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समयावधि भित्र स(प्रमाण दाबि विरोध पेश नभएमा नियमानुसार भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**सुन्दरहरैंचा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**विराटचौक, मोरङ**
**कोशी प्रदेश, नेपाल**

## आर्थिक प्रस्ताव पेश गर्नुहुन आउने सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८२।०९।१९**
**दोस्रो पटक सूचना प्रकाशन मिति २०८२।१०।०३**
**तेस्रो पटक सूचना प्रकाशन मिति २०८२।१०।१४**

यस सुन्दरहरैंचा नगरपालिकाको देहायको कार्य गर्नका लागि सेवा खरिद गर्नुपर्ने भएको हुँदा माथी उल्लेखित प्रकृतिका फर्महरूले मिति २०८२/१०/२० गते मंगलबार दिनको १२:०० बजे भित्र आफुले कबोल गरेको आर्थिक प्रस्ताव (तोकिए बमोजिम पालिकाको websiteबाट प्राप्त गरी) शिलबन्दी गरी पेश गर्नुहुन सम्बन्धीत सबैमा जानकारी गराईन्छ । प्रस्तावको मुल्यांकन सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१) बमोजिम ८५(४) को सापेक्षतामा गरिनेछ । प्रस्ताव सोहि दिन दिनको २:००बजे खोलिने हुँदा प्रस्तावदातालाई उपस्थितिका लागि समेत अनुरोध छ ।

| S. N | Particulars | Required Specifications | Unit | Qty. | Estimated cost(excluding VAT) | Total |
|---|---|---|---|---|---|---|
| 1 | Project | 1 Year Computer, Printer Maintenance (Municipality Office, All Ward Office 12 Places, All Health Care Center 12 Places) | ls | 25 places | 350000 | 350000 |
| Total | | | | | | 350000 |

**देहाय**

कार्य/सेवा- कम्प्युटर, प्रिन्टर एंव कम्प्युटर जन्य सामाग्रीहरूको वार्षिक मर्मत

**नोट**:

१) विस्तृत विवरण TOR बाट लिनुहुन साथै TOR लगायतका कागजात sundarharaichamun.gov.np बाट प्राप्त गर्नुहुन ।
२) मासिक बढीमा १५ लि. पेट्रोल यातायात वापत उपलब्ध गराइने ।
३) बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट पेश गर्ने तथा खोल्ने मिति कायम हुनेछ । प्रस्ताव मूल्यांकन अन्य विषयमा अतिरिक्त सार्वजनिक हितको सिद्धान्तको आधारमा समेत गरिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## ऋण चुक्ता तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ३५ दिने गोप्य शिलबन्दि बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/१०/१४**

यस संस्थाको तपसिलमा उल्लेखित तपाईको ऋण भाखा भित्र नतिरी संस्थाबाट पटक-पटक भएको मौखिक एवम् लिखित तर-ताकेता गर्दा पनि ऋण भुक्तानीको लागि पहल नगरी आलटाल गरी बस्नु भएकोले संस्थामा ऋण तिर्न बुझाउनका लागि यो ३५ दिने धितो लिलाम सम्बन्धमा सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र संस्थामा तिर्न बुझाउन पर्ने रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा ऋण लिंदाको बखत संस्थामा गरेको ऋण तमसुक सर्त कबुलियतनामा बमोजिम तपाईले संस्थाको नाममा लेखाएर दिएको (दृष्टिबन्धक रोक्का) धितो लिलामीको प्रक्रिया अपनाएर धितो लिलामी गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा जानकारी गरिन्छ । साथै संस्थाको साँवा, व्याज र हर्जना असुलीको सिलसिलामा उक्त कार्य सम्पन्न गर्ने क्रममा आएका अन्य खर्च समेत तपाईबाट लेना रकम सरह असुल उपर गर्ने व्यहोरा पनि जानकारी गराउदछौ । सो प्रक्रियाबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा तपाई ऋणी तथा धनजमानत दिनेको घर-घराना, चल-अचल सम्पत्तिबाट प्रचलित कानुन-वमोजिम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित ऋणी तथा धन जमानीलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

| क्र.सं. | ऋणीको तीनपुस्ते विवरण | जमानत दिनेको विवरण | धितोको बिवरण |
|---|---|---|---|
| १ | **नाम : राम कृष्ण विश्वकर्मा**<br>बाबु : बलराम लुहार<br>बाजे : काजिमान लुहार<br>ठेगाना : जितपुर-०७, काठमाडौं | **नााम : बलराम लुहार**<br>बाबु : काजिमान लुहार<br>बाजे : साहिला लुहार<br>ठेगाना : जितपुर-०७, काठमाडौं | जितपुर-०५, काठमाडौं<br>वडा नं.०५ छ<br>कि.न. ८७<br>क्षेत्रफल : १-५-३-० |

**लिलामी तालिका**
**मिति** : २०८२ फाल्गुन २० गते बुधबार
**स्थान** : संस्थाको कार्यालय
**समय** : बिहान ११:०० बजे दिउसो ३:०० बजे सम्म
**प्रतिनिधि उपस्थित हुने समय** : दिउसो ३:०० बजे

**धितो लिलामीका शर्तहरू:**

१. धितो लिलाम संस्थाले प्रकाशित गरेको ३५ दिने सार्वजनिक सुचना बमोजिम तोकिएको दिन हुनेछ । उक्त दिन सार्वजनिक विदा परेमा विदा परेको दोस्रो दिन गरिनेछ ।
२. लिलाम बिकी सकार गर्ने व्यक्तिले आफुले लिलाम सकार गर्ने रकमको १०% (दश) प्रतिशत रकम संस्थामा धरौटी स्वरूप अनिवार्य रूपमा दाखिला गर्नु पर्नेछ । दाखिला नगरेमा लिलाम सकार गरेको मानिने छैन ।
३. सर्त नं.२ बमोजिम दाखिला गरेको (दश) प्रतिशत रकम बाहेक बाँकी हुन आउने रकम लिलाम सकार भएको मितिले सात दिन भित्र संस्थाको बैंक खातामा दाखिला गरेको प्रमाण पेश गर्नु पर्नेछ तर उल्लेखित सात दिन भित्रमा बाँकी रकम दाखिला नगरेका सर्त नं.२ बमोजिम धरौटी बापत जम्मा गरेको रकम जफत भई लिलाम बिक्री सकार गरेका सम्पत्ति दा.खा. नामसारी गरिने छैन ।
४. लिलाम बिक्री सकार भएको सम्पत्ति सम्बन्धित मालपोत कार्यालयबाट दा.खा. नामसारी गर्न लाग्ने सम्पूर्ण खर्च तथा दस्तुर लिलाम सकार गर्ने व्यक्ति, संघ संस्थाले तिर्नु व्यहोर्नु पर्नेछ ।
५. कुनै विशेष कारणले तथा ऋणीले रकम चुक्ता गरेमा लिलाम स्थगित गर्ने अधिकार संस्थामा निहित हुनेछ ।
६. लिलाम बिक्रीको बारेमा विस्तृत जानकारी संस्थाबाट प्राप्त गर्न सकिनेछ ।

**वचन बचत तथा ऋण सहकारी संस्था लि.**
**डिल्लीबजार, काठमाडौं, फोनः ०१-४४३५७७९, ०१-४४३४३२०**
**Email: savingbachan@gmail.com, Web: www.bachansaving.com**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# 'राइट टु रिजेक्ट' खोई ?

आगामी फागुन २१ गते आमनिर्वाचन हुँदै छ । मुलुकमा व्याप्त भ्रष्टाचार, बेथितिविरुद्ध जेन-जी पुस्ताले गरेको विद्रोहले संसद् विघटन भएसँगै नयाँ प्रतिनिधिसभाका लागि निर्वाचनको मिति तय भएको हो । तर निर्वाचनमा भाग लिने तर उम्मेदवार मन नपरेका कारण भोट नहाल्ने मतदाताका लागि 'राइट टु रिजेक्ट' को प्रावधान विकसित देशहरूमा छ ।

त्यही 'राइट टु रिजेक्ट' को अधिकारलाई सुनिश्चित गर्न प्रधानमन्त्रीको कार्यालय, कानुन मन्त्रालय र निर्वाचन आयोगका नाममा यसअघि नै सर्वोच्च अदालतले निर्देशनात्मक आदेश जारी गरिसकेको छ । तर सो निर्देशनात्मक आदेश जारी भएको १२ वर्ष बितिसक्दा पनि अदालतको आदेश कार्यान्वयन हुन सकेको छैन । अझ जेन-जी विद्रोह नै बेथितिको अन्त्यका लागि थियो । त्यही बेथितिकोविरुद्ध बनेको सरकारले सर्वोच्चको आदेश र मतदाताको अधिकारलाई कार्यान्वयन नगर्नु भनेको अदालतको अवहेलना गरिएको हो भन्दा फरक पर्दैन ।

लोकतान्त्रिक अभ्यास गर्ने हो भने मतदातालाई उम्मेदवार मन नपरे पनि मतदान गर्नुपर्ने बाध्यताको अन्त्य 'राइट टु रिजेक्ट' ले गर्दछ । त्यसकारण अहिले प्रत्यक्षतर्फको मतपत्र छाप्ने क्रममा छ । निर्वाचन आयोगले आफूलाई पारदर्शी र मतदाताको अधिकारलाई सुरक्षित गर्ने हो भने 'राइट टु रिजेक्ट' को व्यवस्थासहितको मतपत्र छाप्नुपर्ने देखिन्छ ।

जेन-जी विद्रोहपछि पनि आमनिर्वाचनमा होमिएका उम्मेदवारहरूको विभिन्न खाले अवस्थालाई हेर्ने हो भने मतदाताहरू सन्तुष्ट छैनन् । त्यसकारण पनि मतदाताले 'राइट टु रिजेक्ट' खोजेका हुन् । निर्वाचनलाई भयरहित र शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्नका लागि निर्वाचन आयोगले सचेतना अभियान चलाईराख्दा मतदाताको मत दिने वा नदिने अधिकारलाई सुरक्षित गर्दै सम्पूर्ण मतदातालाई मतदान केन्द्रसम्म पुग्ने वातावरण पनि 'राइट टु रिजेक्ट' ले गर्न सक्छ ।

'राइट टु रिजेक्ट' ले विगतमा जस्तै मतदानस्थलमा पुग्ने मतदाताको संख्या नै कमी हुन नदिन यसले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । उम्मेदवार मन नपरेपछि निर्वाचनमा नै मतदाताहरू सहभागी नहुने प्रमुख कारण पनि यही नै हो । त्यही भएर पनि सम्मानित अदालतले मतदाताको अधिकारलाई सुनिश्चित गर्न र मतदान केन्द्रसम्म पुगेर आफ्नो उपस्थिति जनाउनका लागि पनि 'राइट टु रिजेक्ट' को पक्षमा निर्देशनात्मक आदेश दिएको हो । त्यो पनि एक पटक होइन दुई-दुई पटक । तसर्थ, निर्वाचन आयोगले आसन्न आमनिर्वाचनमा 'राइट टु रिजेक्ट' को व्यवस्था गरोस् ।

# स्वच्छ ऊर्जाको कार्यान्वयनबाट हरित अर्थतन्त्र विकास



❑ नवराज ढकाल

> "स्वच्छ ऊर्जाको कार्यान्वयनबाट नेपालको हरित अर्थतन्त्र विकासका लागि स्वच्छ खाना पकाउने ऊर्जा, वितरित नवीकरणीय ऊर्जा, विद्युतीय सवारी (ई-मोबिलिटी), आधुनिक र कृषि क्षेत्रमा ऊर्जा दक्षतालगायत क्रियाकलापमा लगानीका सम्भावनाहरु रहेका छन् । अर्थतन्त्रको न्यून कार्बनीकरणका अवसर तथा चुनौतीहरु एवं मिश्रित लगानीबाट लिन सकिने लाभको पहिचान गर्न तथा स्वच्छ ऊर्जा क्षेत्रको लगानीलाई स्तरोन्नति गर्दै लैजानुपर्ने देखिन्छ । नेपालले राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरुमा डिकार्बनाइजेसनलाई प्राथमिकतामा राखेको छ ।

विश्व तापमान वृद्धिको प्रमुख कारक तत्वका रूपमा रहेको हरितगृह ग्यास/कार्बन उत्सर्जनसम्बन्धी अन्तर्राष्ट्रिय दृष्टिकोणलाई हेर्दा विश्वको कूल उत्सर्जनमा ऊर्जा क्षेत्रको हिस्सा करिब ७६ प्रतिशत रहेको पाइन्छ । जलवायु परिवर्तन तथा कार्बन वित्त परिचालन सम्बन्धमा अन्तर्राष्ट्रिय परिवेशलाई दृष्टिगत गर्दा जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी संस्था (इन्टरगभर्मेन्टल प्यानल अन क्लाइमेट चेञ्ज, आइपिसिसी) को प्रतिवेदन, २०२३ अनुसार तापमानलाई १.५ डिग्री सेल्सियस र दुई डिग्री सेल्सियसको बीचमा सीमित राख्नका लागि हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणका उपायहरूलाई थप प्रभावकारी बनाउनु जरुरी देखिन्छ ।

विश्वव्यापीरूपमा खुद शून्य हरितगृह ग्यास उत्सर्जनको अवस्था हेर्दा सन् २०१९ को उत्सर्जन सन् २०10 को भन्दा १२ प्रतिशतले वृद्धि भएको पाइन्छ । हरितगृह ग्यास उत्सर्जनका सबै क्षेत्रबाट उत्सर्जन न्यूनीकरणलाई उच्च प्रभावकारिताका साथ अवलम्बन गरेरमात्र खुद शून्य कार्बन उत्सर्जन वा खुद शून्य हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणको लक्ष्य हासिल गर्न सकिन्छ । तसर्थ, विश्व तापमान वृद्धिले खतराको सीमा पार गर्नुअगावै यसको उचित नियन्त्रण गर्न तत्काल हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणसम्बन्धी कार्यहरूलाई द्रुततर एवं गम्भीर ढंगले अघि बढाउनु अपरिहार्य देखिन्छ ।

ऊर्जा क्षेत्रमा न्यून कार्बनीकरण वा 'डिकार्बनाइजेसन' भन्नाले ऊर्जाको उत्पादन, वितरण तथा उपभोगबाट हुने हरितगृह ग्यास उत्सर्जनलाई न्यूनीकरण गर्दै अन्ततः पूर्णरूपमा हटाउने प्रक्रियालाई बुझिन्छ । ऊर्जा क्षेत्रमा डिकार्बनाइजेसनका मुख्यतया तीनवटा उपाय रहेका छन्: इन्धन रूपान्तरण (फ्युल स्विचिङ), राष्ट्रिय प्रसारण (ग्रिड) लाइनको सबलीकरण र ऊर्जा दक्षता । फ्युल स्विचिङ भनेको परम्परागत ऊर्जा र खनिज इन्धनबाट सञ्चालित प्रविधिहरू (सवारीसाधन, मेसिनरी, घरायसी उपकरण विशेषगरी खाना पकाउने प्रविधि) लाई स्वच्छ ऊर्जाबाट सञ्चालन गर्नु हो । फ्युल स्विचिङका प्रमुख क्षेत्रहरूमा घरायसी, यातायात, उद्योग र कृषि रहेका छन् ।

राष्ट्रिय प्रसारण (ग्रिड) लाइनको सबलीकरण भनेको मौसमी सन्तुलन, आयात न्यूनीकरण, भरपर्दो र गुणस्तरीय विद्युत् आपूर्ति, विद्युतीय पूर्वाधारहरूको स्तरोन्नतिको माध्यमबाट ग्रिडलाई हरितगृह ग्यास उत्सर्जनमुक्त बनाउनु हो । अर्थात् हामीले उपयोग गर्ने (स्वदेशमै उत्पादित विद्युत् वा आयात गरिएको) विद्युत् परम्परागत खनिज इन्धनमा आधारित नभई शून्य कार्बन स्रोत जस्तैः सौर्य ऊर्जा, वायु ऊर्जा, जलस्रोतमा आधारित रहेको सुनिश्चितता गर्नु हो । ऊर्जा दक्षता भनेको ऊर्जा दक्ष उपकरण, ग्रिड र औद्योगिक मेसिनरीको उपयोगबाट कुनै वस्तु वा सेवाको उत्पादनमा लाग्ने ऊर्जाको परिमाणलाई कम गर्नु हो ।

स्वच्छ ऊर्जाको कार्यान्वयनबाट नेपालको हरित अर्थतन्त्र विकासका लागि स्वच्छ खाना पकाउने ऊर्जा, वितरित नवीकरणीय ऊर्जा, विद्युतीय सवारी (ई-मोबिलिटी), आधुनिक र कृषि क्षेत्रमा ऊर्जा दक्षतालगायत क्रियाकलापमा लगानीका सम्भावनाहरू रहेका छन् । अर्थतन्त्रको न्यून कार्बनीकरणका अवसर तथा चुनौतीहरू एवं मिश्रित लगानीबाट लिन सकिने लाभको पहिचान गर्न तथा स्वच्छ ऊर्जा क्षेत्रको लगानीलाई स्तरोन्नति गर्दै लैजानुपर्ने देखिन्छ । नेपालले राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूमा डिकार्बनाइजेसनलाई प्राथमिकतामा राखेको छ । तेस्रो राष्ट्रिय निर्धारित योगदान, दिगो विकास लक्ष्य, खुद शून्य उत्सर्जनसम्बन्धी नेपालको दीर्घकालीन रणनीति, १६औं योजना, ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८१ लगायत दस्तावेजहरूमा डिकार्बनाइजेसनसम्बन्धी लक्ष्यहरू समेटिएका छन् ।

## स्वच्छ ऊर्जा दिवसको आयोजना

संयुक्त राष्ट्रसंघले पृथ्वी र पृथ्वीमा बसोबास गर्ने मानव तथा सम्पूर्ण प्राणीजगतको हित गर्ने स्वच्छ ऊर्जाको न्यायपूर्ण र समावेशी रूपान्तरणका लागि सचेतना जगाउने र सोहीबमोजिमका क्रियाकलापहरू सञ्चालन गर्ने उद्देश्यका साथ सन् २०२३ मा घोषणा गरी २०२४ देखि हरेक वर्ष जनवरी २६ तारिखलाई अन्तर्राष्ट्रिय स्वच्छ ऊर्जा दिवसका रूपमा मनाउँदै आएको छ । यो दिवस विश्वभर विभिन्न कार्यक्रमहरू गरेर मनाउने गरिन्छ । नेपालमा यो दिवस मनाउने कार्य वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले गर्दै आएको छ ।

केन्द्रले स्थापनाकालदेखि नै नवीकरणीय ऊर्जा प्रविधि विस्तार तथा ऊर्जा दक्ष प्रविधि र उपायहरूको प्रवर्द्धनको माध्यमबाट स्वच्छ ऊर्जाको पहुँच वृद्धि, ऊर्जा सेवालाई भरपर्दो, गुणस्तरीय र दिगो बनाउने तथा ऊर्जा सेवालाई आर्थिक क्रियाकलापहरूसँग सम्बद्ध गराई समावेशी आर्थिक सामाजिक विकासमा योगदान पुऱ्याउँदै आएको छ । यसका साथै नवीकरणीय ऊर्जा प्रविधिमा आधारित कार्बन परियोजनाहरूको विकास तथा हरित जलवायु कोषको प्रत्यक्ष पहुँच निकायका रूपमासमेत कार्य गर्दै आएको छ ।

यसै सन्दर्भमा केन्द्रले ऊर्जा क्षेत्रका विभिन्न साझेदार संस्थाहरूको सहयोगमा 'स्वच्छ ऊर्जाको कार्यान्वयनबाट नेपालको हरित अर्थतन्त्र विकाससम्बन्धी राष्ट्रिय सम्मेलन' आयोजना गरेको छ । स्वच्छ ऊर्जा तथा जलवायु परिवर्तनसम्बन्धी लक्ष्यमा योगदान पुऱ्याउने उद्देश्यले आयोजित यस कार्यक्रम गत वर्ष आयोजना गरिएको 'उत्थानशील एवं न्यून कार्बनमा आधारित अर्थतन्त्रका लागि स्वच्छ ऊर्जा रूपान्तरणसम्बन्धी सम्मेलन'को निरन्तरता पनि हो । तथापि, यस वर्षको सम्मेलनले न्यून कार्बनीकरणको व्यावहारिक पक्षमा जोड दिँदै बहसलाई व्यवहारमा रूपान्तरण गर्ने उद्देश्य लिएको छ । सम्मेलनले नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता एवं जलवायु परिवर्तनसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी/गैरसरकारी निकाय, प्रदेश सरकार तथा स्थानीय तह, अनुसन्धानमुलक/प्राज्ञिक संस्था, विकास साझेदार संस्था, लगानीकर्ताहरू, यस क्षेत्रका अभ्यासकर्ता, निजी क्षेत्र, सञ्चारजगत्, नगारिक समाज एवं क्षेत्रगत विज्ञहरू एउटै मञ्चमा उपस्थित भई स्वच्छ ऊर्जाको कार्यान्वयनबाट हरित अर्थतन्त्रको विकासमा तीव्रता दिनका लागि रणनीतिक दृष्टिकोणसम्बन्धी छलफल/अन्तरक्रिया गर्ने अवसर जुटाउने छ ।

## स्वच्छ ऊर्जा प्रवर्द्धनमा केन्द्रको पहल

स्वच्छ ऊर्जाको माध्यमबाट नेपालको न्यून कार्बन विकास, सामाजिक आर्थिक समुन्नति र हरित अर्थतन्त्र विकासमा केन्द्रको महत्त्वपूर्ण योगदान रहँदै आएको छ । केन्द्रले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताको क्षेत्रमा हासिल गरेका उपलब्धिहरूले न्यून कार्बनीकरणमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । सरकारले नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता र स्वच्छ ऊर्जा रूपान्तरणका कार्यहरूलाई अघि बढाउन बलियो कानुनी आधार खडा गर्ने उद्देश्यका साथ नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक अघि बढाएको छ । यस क्षेत्रमा हासिल गरेका उपलब्धिहरूलाई संस्थागत गर्न नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई ऐनको रूप दिने कार्यलाई निर्वाचित संसद्ले पारित गर्ने विश्वास गरिएको छ ।

केन्द्रले हालसम्म लघु तथा साना जलविद्युत्, सुधारिएको पानीघट्ट, सौर्य/सौर्य-वायु मिनिग्रिड, घरेलु सौर्य विद्युत् प्रणाली, संस्थागत सौर्य विद्युत् प्रणाली, सौर्य सडक बत्ती, मठमन्दिर तथा होमस्टेमा सौर्य ऊर्जा प्रणाली, घरायसी बायोग्यास, संस्थागत, सहरी तथा व्यावसायिक बायोग्यास, सुधारिएको चुलो, विद्युतीय चुलोलगायत परिविधि विस्तारबाट समग्रमा देशको करिब ३७ लाख घरधुरीमा स्वच्छ नवीकरणीय ऊर्जा प्रविधिको सेवा पुऱ्याएको छ । कूल विद्युत् पहुँचमा नवीकरणीय ऊर्जा प्रविधिको हिस्सा करिब छ प्रतिशत रहेको छ । विद्युत् पहुँच विस्तार र खाना पकाउने स्वच्छ ऊर्जा प्रविधिको क्षेत्रमा केन्द्रले विशेष जोड दिँदै आएको छ । नवीकरणीय ऊर्जाको क्षेत्रमा ५०० भन्दा बढी कम्पनीहरू क्रियाशील रहेका छन् जसबाट प्रत्यक्ष र अप्रत्यक्षरूपमा ४० हजारभन्दा बढी रोजगारी सिर्जना भएको छ ।

साथै, केन्द्रले सन् २००५ देखि नवीकरणीय ऊर्जा प्रविधिमा आधारित कार्बन व्यापारसम्बन्धी कार्यको थालनी गरेको हो । केन्द्रले स्वच्छ विकास संयन्त्रअन्तर्गत आठवटा आयोजनाबाट हालसम्म कूल ६६ लाख ८० हजार मेट्रिकटन युनिट प्रमाणित कार्बन उत्सर्जन न्यूनीकरण उत्पादन गरी कार्बन व्यापारमार्फत करिब ३६.०११ मिलियन अमेरिकी डलर आम्दानी गरेको छ भने यी कार्बन परियोजनाको सञ्चालनबाट भविष्यमा थप आम्दानी हुने सुनिश्चित गरेको छ । नेपालको संविधानले लिएको समावेशी आर्थिक सामाजिक विकासको लक्ष्य हासिल गर्न नवीकरणीय ऊर्जाको विस्तार र ऊर्जा दक्षताको बाटो अवलम्बन गरी स्वच्छ ऊर्जा रूपान्तरणको बाटो अपनाउनु अपरिहार्य रहेको छ । यसका लागि प्रभावकारी र परिणाममुखी सहकार्य जरुरी देखिन्छ ।

*(वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक ढकालसँग राससले गरेको कुराकानीमा आधारित)*

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ ।

## पाठक मञ्च

# चुनाव जित्न मनलाग्दी बोल्दै बालेन

भ्रष्टाचार अन्त्य र सुशासन कायम गराउने भन्दै गत भदौ २३ गते जेन-जी पुस्ताले आन्दोलन आह्वान गरे । त्यतिबेला केपी शर्मा ओली नेतृत्वको सरकार थियो । काठमाडौं महानगरपालिकाका तत्कालीन मेयर बालेन्द्र (बालेन) शाह र नख्खु जेलमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेले सो आन्दोलनमा पूर्णसमर्थन जनाएका थिए ।

बालेनले त आफू २८ वर्ष कटिसकेकोले आन्दोलनमा आउन नसक्ने जनाउँदै सो उमेरभन्दा कम भएकालाई उपस्थिति जनाउन आह्वान गरे । भदौ २३ गते युवाहरू सडकमा ओर्लिए । स्कुल वा कलेज ड्रेसमै झोला बोकेर विद्यार्थीहरू आन्दोलनमा आएका थिए । आन्दोलन शान्तिपूर्णरूपमा चलिरहेको थियो । तर, तब आन्दोलनकारीहरूले संसद् भवन छिर्न वा तोडफोड गर्न खोजे, तब प्रहरीले नचाहँदा नचाहँदै बल प्रयोग गर्नुपऱ्यो ।

दुर्भाग्यवश सो दिन १९ जनाले ज्यान गुमाए । त्यसपछि मुलुक नै शोकमा थियो । तर, काठमाडौंका तत्कालीन मेयर बालेन र रविले हिंसा भड्काउने काम गरे । बालेनले तत्कालीन प्रधानमन्त्री ओलीलाई फेसबुकमा जथाभावी गालीगलौज गरे । जबकि, प्रहरीलाई गोली हान्न उनले निर्देशन दिएका थिएनन् । बालेनको स्टाटस अनि रविको समर्थनपछि भोलिपल्ट इतिहासमै नभएको विध्वंश हुन पुग्यो ।

त्यसक्रममा दर्जनौंले ज्यान गुमाए त नेपालीको इतिहास सिंहदरबारसहितका संरचना जलेर खरानी बने । सबै ध्वस्त भएपछि अनि बल्ल बालेनले फेसबुकमा स्टाटस लेखे, जेन-जीलाई रोकिन । त्यतिबेला मुलुक सरकारविहीन थियो । तत्कालीन प्रधानमन्त्रीसहित राजनीतिक दलका नेता, उच्च पदस्थ सरकारी कर्मचारीहरू नेपाली सेनाको सुरक्षामा थिए ।

उता, बालेनका प्रहरीहरूचाहिँ सिंहदरबार जलाउनेलाई मिनिरल वाटर बाँडिरहेका थिए । अन्ततः सरकार ढल्यो, देश खरानी बन्यो । फेरि बालेनको स्टाटस आयो कि संसद् विघटन गर्नुपर्छ । बालेन र रविकै साथमा भदौ २७ गते पूर्वप्रधानन्यायाधीश सुशीला कार्की प्रधानमन्त्री बनिन् । उनले प्रधानमन्त्रीको शपथ खाएलगत्तै प्रतिनिधिसभा विघटन गरेर फागुन २१ गते चुनावको मिति घोषणा गरिन् ।

जेन-जी आन्दोलनमा झण्डै ७६ जनाले ज्यान गुमाए । खर्बौंको सार्वजनिक र निजी सम्पत्ति खरानी बन्यो । मुलुक इतिहासकै कठिन र गम्भीर मोडमा पुग्यो । र, नेपाललाई अन्य मुलुकभन्दा धेरै पछाडि धकेलिदिएको छ । अन्तरिम सरकारको अर्थमन्त्रीमा अर्थविज्ञ रामेश्वर खनाल नियुक्त भए । यो सरकारमा प्रायःजसो भूपूकर्मचारी मन्त्री बनेका छन् । अर्थमन्त्री हुनेबित्तिकै खनालले देशभर विद्यालय, पाटीपौवा, सडक, अस्पताल, पुललगायत जनताको दैनिकीसँग जोडिएका कार्यक्रमको बजेट कटौती गरिदिए । र, त्यसबाटै चुनावका लागि स्रोत जुटाए । चुनावमा २७ अर्ब खर्च हुने र यसैबाट चुनाव गराउने उनको भनाइ थियो । आर्थिक वर्ष २०८२/८३ को बजेट जेठ १५ गते तत्कालीन ओली सरकारका अर्थमन्त्री विष्णुप्रसाद पौडेलले ल्याएका थिए ।

जसमा सरकारी कर्मचारीलाई मासिक तीन हजार महँगी भत्ता दिने भनियो । बागमती प्रदेश सरकारले असार १ गते बजेट ल्यायो । बजेटमा कर्मचारीलाई पाँच हजार महँगी भत्ता दिने व्यवस्था गरिएको थियो । सरकारी कर्मचारीले अवकाशपछि पेन्सन पाउँछन् । त्यसमा पनि ७५ वर्ष लाग्नेबित्तिकै भूपूकर्मचारीको पेन्सनमा १० देखि २० प्रतिशत थप गरिन्छ ।

अर्थमन्त्री खनालले विकास बजेट कटौती गर्दा अनावश्यक कर्मचारी भने हटाएनन् । करार, ज्यालादारी कर्मचारी अहिले पनि लाखौंको संख्यामा छन् । कर्मचारीको सेवासुविधा, भत्ता पनि रोकिएन । सार्वजनिक बिदाको दिन होस् या अफिस टाइमबाहेकमा पनि सरकारी गाडीहरू गुडिरहेका देखिन्छन् । जनप्रतिनिधि, कर्मचारीद्वारा गाडीको दुरूपयोग गर्ने क्रम जारी छ ।

तर, अर्थमन्त्री हुनेबित्तिकै अनावश्यक कर्मचारी हटाउने, गाडीको दुरूपयोग रोक्नेजस्ता वाचा गरेका खनालले अहिलेसम्म केही गरेका छैनन् । जनताको बजेट काटिदिएपछि उनी अन्यमा मौन छन् । यस्तै, जेन-जी आन्दोलनमा ज्यान गुमाएका ७६ जनामध्ये ४५ जनालाई मात्र सहिद घोषणा गरियो । सहिद घोषणा गरिएकालाई १५ लाख क्षतिपूर्ति दिइयो । अब उनीहरूलाई मासिकरूपमा रकम पनि दिनुपर्छ ।

तर, आन्दोलनकै क्रममा ज्यान गुमाएका बाँकीलाई न सहिद घोषणा गरियो न १५ लाख क्षतिपूर्ति दिइयो । यो सरकारले त नागरिकबीच पनि विभेद गरेको छ । जेन-जी आन्दोलनमा घाइते भएका हजारौंलाई सरकारले अर्बौं खर्चिएर उपचार गऱ्यो । सँगै घाइतेहरूलाई वर्गीकरण गर्दै मासिक नौदेखि १८ हजारसम्म भत्ता उपलब्ध गराउने निर्णय गरिएको छ । आन्दोलनको नाममा तोडफोड, आगजनी र लुटपाट गर्नेमध्ये ५९१ जनालाई प्रहरीले समातेको थियो । तर, सुशीला कार्की सरकारले उनीहरूलाई विनासर्त रिहा गर्नुका साथै थपलाई पनि पक्राउ नगर्न प्रहरीलाई निर्देशन दियो । जेन-जी आन्दोलनको नेतृत्व गर्ने बालेन र रवि हुन् र सुशीला उनीहरूद्वारा परिचालित हुन् भन्ने कुरा अहिले जनताले बुझेका छन् ।

आन्दोलनको बेला फेसबुकमा बालेनको पटकपटक स्टाटस, रवि जेलबाट भाग्नु अनि यत्रो वर्षदेखि मौन सुशीला कार्की एकाएक सडकमा उत्रिनुले उनीहरूकै योजनामा आन्दोलन भएको देखिन्छ । आफूलाई जेन-जी अगुवा बताउँदै हिँडेका सुधन गुरुङ त बालेनकै पुराना दोस्त भइहाले । सार्वजनिक बिदाको दिन आफ्नी श्रीमती चढेको सरकारी गाडी ट्राफिकले दुई मिनेट रोक्दा ०८० भदौ १६ गते बालेनले सिंहदरबार जलाइदिने चेतावनी दिएका थिए ।

यतिमात्र होइन, राजनीतिक दलका नेताहरूलाई टुकुचामा गाड्छुसम्म भनेका थिए । नभन्दै उनले सिंहदरबार जलाइदिए र नेताहरूलाई भाग्नुपर्ने स्थिति खडा गरिदिए । आउँदो चुनावमा ओली र बालेनले झापा क्षेत्र नम्बर ५, बाट प्रतिस्पर्धा गर्दै छन् । रविले बालेनलाई भावी प्रधानमन्त्रीको रुपमा घोषणा गरिसके । जनप्रतिनिधि केबल पद होइन, जनतासँग जोडिएको विषय हो ।

सञ्चारकर्मीहरुले ओली र बालेनलाई सार्वजनिक बहसका लागि बोलाएका थिए । ओली त्यसका लागि तयार भए तर बालेनले म 'हत्यारा' सँग बस्दिँन भनेका छन् । नेपालको कुनै पनि कानुन वा संविधानले सो शब्दलाई मान्यता दिएको छैन । कर्तव्य ज्यान मुद्दामा अदालतले दोषी ठहर गरेर जेल पठाएपछि त कैदी बन्नुपर्छ । अनि बालेनले कुन कानुन र संविधानमा टेकेर प्रमाणविनै ओलीलाई हत्यारा भनेको ? उनले जवाफ दिनुपर्छ ।

**- रुषा थापा**, भक्तपुर

# चुनावी प्रचारको पूर्वतयारीमा दलहरू

**चितवन–** जिल्लामा रहेका दलहरूले चुनावी प्रचारको पूर्वतयारीका कामहरू धमाधम गरिरहेका छन् । कार्यकर्ता भेटघाट, समिति निर्माण, आर्थिक संकलनलगायत काममा दल र उम्मेदवारहरू लागेका हुन् ।

नेपाली कांग्रेस चितवनका सभापति राजेश्वर खनालले जिल्लाका तीनवटै निर्वाचन क्षेत्रमा निर्वाचन परिचालन समिति बनाइएको बताए । उनले जिल्लामा एउटा, प्रत्येक निर्वाचन क्षेत्र र वडा तहमासमेत निर्वाचन परिचालन समिति बनाएर प्रचारप्रसारको तयारी थालिएको बताए । उनले भने, 'सबै खाले आन्तरिक तयारीमा लागेका छौं, आन्तरिक तयारी पूरा गरेर प्रचारमा लाग्छौं ।'

विशेष महाधिवेशनसँगै कांग्रेसहरू एक भएर निर्वाचनमा परिचालित भएको भन्दै उनले विगतको जस्तो गुटगत समस्या कांग्रेसमा अहिले नरहेको बताए । नेकपा एमालेका जिल्ला अध्यक्ष कमल पाठकले जिल्लास्तरीय, क्षेत्रस्तरीय, वडास्तरमा निर्वाचन परिचालन, स्वयंसेवक, आर्थिक संकलन समिति बनाइसकिएको बताए । घोषणापत्र र प्रतिबद्धतापत्र बनाउने काम भइरहेको जानकारी दिँदै उनले भने, 'क्षेत्रगत समस्या पहिचान गरी तीनवटै क्षेत्रका छुट्टाछुट्टै प्रतिबद्धतापत्र बनाउने काम भइरहेको छ ।' कार्यालय सञ्चालनका लागि तयारी गरिएको उनको भनाइ छ ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का केन्द्रीय सदस्य घनश्याम दाहालले जिल्लाका तीनवटै क्षेत्रका उम्मेदवारहरूले कार्यकर्ता भेटघाट कार्यक्रम थालेको बताए । तीनवटै निर्वाचन क्षेत्रका सम्पर्क कार्यालय खुलेको, उम्मेदवारका प्रतिबद्धतापत्र छाप्ने तयारी गरिएको र जिल्ला, क्षेत्र र वडा तहमा निर्वाचन परिचालनका लागि विभिन्न समिति बनेको उनको भनाइ छ । धेरै पार्टीहरू मिलेर नेपाली कम्युनिस्ट पार्टी बनेको भए पनि सबै संगठित भएर थप ऊर्जाका साथ प्रचार अभियानमा जुटेको उनले बताए ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का केन्द्रीय सदस्य राजन गौतमले पार्टीका उम्मेदवारले कार्यकर्तालाई भेटघाट गर्ने काम गरिरहेको बताए । स्थानीय र राष्ट्रिय मुद्दाहरूको पहिचान गरी त्यसलाई सम्बोधन गर्नेगरी घोषणापत्र बनाउने काम भइरहेको उनको भनाइ छ ।




क्षेत्रीयस्तरमा भएका समस्याहरूलाई घोषणापत्रमा समावेश गर्न त्यहाँका कार्यकर्तासँग घनिभूत छलफल गरी काम गरिएको गौतम बताउँछन् । क्षेत्र नं १ र ३ मा प्रचार समिति बनाइसकिएको भन्दै उनले क्षेत्र नं २ मा पार्टी सभापतिसँग परामर्श गरेरमात्रै समिति बनाइने भएकाले बाँकी रहेको बताए ।

तीनवटै क्षेत्रमा प्रचार कार्यालय खोल्ने तयारी गरिएको छ । यसअघि दुईवटा क्षेत्र चुनाव जितेको रास्वपाले यसपटक तीनवटै क्षेत्र जित्ने गरी तयारी गरिरहेको गौतमको दाबी छ । तीनवटा क्षेत्र रहेको चितवनमा यसअघि दुईवटा क्षेत्र रास्वपा र एउटा क्षेत्रमा राप्रपाले जित हात पारेका थिए ।

जिल्ला निर्वाचन कार्यालय चितवनका अनुसार यही फागुन २१ गते हुने निर्वाचनमा जिल्लाका तीनवटा निर्वाचन क्षेत्रमा चार लाख ४२ हजार ८२ जना मतदाता रहेका छन् । जसमा दुई लाख १७ हजार ३१४ जना पुरुष र दुई लाख २४ हजार ७६६ जना महिला एवं दुई जना तेस्रो लिंगी रहेका छन् । उनीहरूले १६२ वटास्थल र ४९४ वटा केन्द्रबाट ती मतदाताले मतदान गर्ने छन् । निर्वाचन कार्यालय चितवनका प्रमुख भीमशेन कार्कीले प्रतिनिधिसभा निर्वाचन २०७९ को निर्वाचनको तुलनामा यस वर्ष हुने प्रतिनिधिसभा निर्वाचनमा ३३ हजार ७४० जना नयाँ मतदाता थपिएका छन् भने ३४ वटा मतदान केन्द्र थप भएको बताए ।

क्षेत्र नम्बर १ मा एक लाख ४९ हजार ६२१ जना मतदाता रहेका छन् । जसमा ७६ हजार ७६१ जना पुरुष र ७५ हजार ८६० जना महिला रहेका छन् । यस क्षेत्रमा ५६ वटा मतदानस्थल र १६८ वटा मतदान केन्द्र रहेका छन् ।

यस्तै क्षेत्र नम्बर २ मा एक लाख ३७ हजार १५२ जना मतदाता रहेका छन् । तीमध्ये ६७ हजार ८५७ पुरुष र ६९ हजार २९४ महिला एवं एक जना तेस्रो लिंगी रहेका छन् । यहाँ ४८ वटा स्थल र १५२ वटा केन्द्रबाट ती मतदाताले मतदान गर्ने छन् । क्षेत्र नम्बर ३ मा एक लाख ५५ हजार ३०९ जना मतदाता रहेको जिल्ला निर्वाचन कार्यालय चितवनले जनाएको छ । तीमध्ये ७५ हजार ६९६ जना पुरुष र ७९ हजार ६१२ जना महिला एवं एक जना तेस्रो लिंगी रहेका छन् । उनीहरूले ६३ वटा स्थल र १७४ वटा केन्द्रबाट मतदान गर्ने छन् । *रासस*

## धनुषाका १९४ मतदानस्थल अतिसंवेदशनशील

**जनकपुरधाम–** जिल्ला प्रशासन कार्यालय धनुषाले यहाँका १९४ मतदानस्थल अतिसंवेदशनशील रहेको जनाएको छ । जिल्लामा रहेका ३२२ मतदानस्थलमध्ये १९४ अति अतिसंवेदशनशील, १०६ वटा संवेदशनशील र २२ वटा सामान्य सूचीमा वर्गीकरण गरिएको कार्यालयको भनाइ छ । जिल्लामा मतदान केन्द्रको संख्या ६४५ छ । खुला सीमानाका, बढी मतदाता, विगतका निर्वाचनमा मतदानको वर्षमा भएको विभिन्न किसिमको उत्पन्न समस्याका कारण मतदानस्थलहरूको वर्गीकरण गरिएको प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले जानकारी दिए । एक मतदान केन्द्रमा १० देखि १२ जना सुरक्षाकर्मी परिचालन गरिने उनले बताएका छन् ।

प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा सबै सुरक्षा प्रमुखको सहभागितामा अति संवेदनशील मतदानस्थलको मंगलबार पनि अनुगमन गरिएको छ । नेपाल-भारतको सीमानासँग जोडिएको मतदानस्थलको अनुगमन भइरहेको धनुषाका प्रमुख जिल्ला अधिकारी लुइँटेलले जानकारी दिए ।

मधेस प्रदेश निर्वाचन कार्यालयका अनुसार धनुषाका चार निर्वाचन क्षेत्रमा पाँच लाख १४ हजार ५७१ जना मतदाता छन् । जसमा पुरुष दुई लाख ७६ हजार १२६ जना, महिला दुई लाख ३८ हजार ४३५ र लैंगिक तथा यौनिक अल्पसंख्यक (अन्य) १० जना मतदाता छन् । सो निर्वाचनमा छ हजार ५०० कर्मचारी खटिने छन् । खटिने कर्मचारीको विवरण संकलन भइरहेको छ । प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि धनुषामा चारवटा निर्वाचन क्षेत्रमा १४२, क्षेत्र नं २ मा ३४, क्षेत्र नं ३ मा ४५ र क्षेत्र नं ४ मा ३७ जना उम्मेदवार छन् । *रासस*

# जुम्लामा जाडोले जनजीवन प्रभावित

**जुम्ला–** हिमपात परेसँगै बढेको जाडोले यहाँको जनजीवन प्रभावित भएको छ । जाडो बढ्दै जाँदा खानेपानीका धाराका पानी ठोसमा परिणत भएको छ । चिसोले पानीका पाइप फुट्न थालेका छन् ।

पिउने पानी आउन छाडेपछि यहाँका नागरिकले बढी सास्ती खेप्नुपरेको छ । हिउँदे याममा नागरिकलाई कठ्यांग्रिने जाडोले अत्यधिक सास्ती दिन थालेको चन्दननाथ नगरपालिकाकी स्थानीयवासी सुनिता बुढाले बताइन् । माघमा चिसो बढ्दै गएपछि विशेषगरी जुम्लालगायत माथिल्लो कर्णालीका मुगु, हुम्ला र डोल्पाका नागरिकको जनजीवन कष्टकर बन्दै गएको हो ।

जुम्लाको न्यूनतम तापक्रम यतिबेला माइनस ०.७१ डिग्री सेल्सियसमा झरेको छ । तीन दिनसम्म मौसम बद्लिने सम्भावना रहेको जल तथा मौसम कार्यालय जुम्लाका प्रमुख आशामपूरा कार्कीले जानकारी दिए । 'चिसो बढ्ने क्रम जारी छ,' प्रमुख कार्कीले भने, 'हिमपात भएपछि निकै जाडो बढेको छ । नागरिकको जनजीवन निकै कष्टकर बन्दै गएको छ ।' कठ्यांग्रिने जाडो नघट्दासम्म हिमाली बासिन्दाको खासगरी बिहान र बेलुकाको दैनिकी अझ बढी कठिन हुने कार्यालय प्रमुख कार्कीको भनाइ छ । करिब दुई हजार पाँच उपभोक्तामार्फत २२ हजारभन्दा बढी नागरिकलाई खानेपानी सेवा दिइरहेको खलंगा खानेपानी उपभोक्ता समितिको कार्यालयले जनाएको छ ।

### हिमपात हुँदा किसान खुसी

जुम्लालगायत माथिल्लो कर्णालीका जिल्लामा हिमपात भएसँगै यहाँका किसान खुसी भएका छन् । यो वर्षको पहिलो हिउँ माघ महिनाको दोस्रो सातामा परेपछि किसानले लगाएको हिउँदे बालीलाई निकै राम्रो हुने जुम्लाको तिला गाउँपालिका-१ स्थानीयवासी लंक बुढाले जानकारी दिए ।

अत्यधिक चिसो मौसममा यो वर्षको हिउँदेयाममा जुम्लामा हिमपात भएपछि किसानले लगाएको हिउँदे बालीनाली निकै राहत पुगेको कृषि विकास कार्यालय जुम्लाका प्रमुख रामभक्त अधिकारीले बताए । स्याउका नयाँ बिरुवा लगाउने समय भएकाले हिउँ पर्दा सहज भएको यहाँका किसान बताउँछन् । हिमपातपछि जुम्लाका डाँडाकाँडा सेताम्मे बनेका छन् । लामो समयपछि हिउँ परेपछि यहाँका स्थानीयवासी हिउँसँगै फोटो र भिडियो बनाउनमा व्यस्त हुने गरेका छन् ।

लामो समयदेखि हिमपात नहुँदा सुक्न थालेको हिउँदेबालीमा राहत पुगेपछि स्थानीय किसानले राहत महसुस गरेका छन् । यसले गहुँ, जौ, आलुलगायत हिउँदेबालीलाई फाइदा पुग्ने कृषि विकास कार्यालय जुम्लाले जनाएको छ । हिमपातले अवरुद्ध भएको हवाई सेवा आइतबारबाट सञ्चालनमा आएको नागरिक उडान कार्यालय जुम्लाले जनाएको छ । *रासस*


## ऋण चुक्ता तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ३५ दिने गोप्य शिलबन्दि बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/१०/१४**

यस संस्थाको तपसिलमा उल्लेखित तपाईको ऋण भाखा भित्र नतिरी संस्थाबाट पटक-पटक भएको मौखिक एवम् लिखित तर-ताकेता गर्दा पनि ऋण भुक्तानीको लागि पहल नगरी आलटाल गरी बस्नु भएकोले संस्थामा ऋण तिर्न बुझाउनका लागि यो ३५ दिने धितो लिलाम सम्बन्धमा सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र संस्थामा तिर्न बुझाउन पर्ने रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा ऋण लिंदाको बखत संस्थामा गरेको ऋण तमसुक सर्त कबुलियतनामा बमोजिम तपाईले संस्थाको नाममा लेखाएर दिएको (दृष्टिबन्धक रोक्का) धितो लिलामीको प्रक्रिया अपनाएर धितो लिलामी गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा जानकारी गरिन्छ । साथै संस्थाको साँवा, व्याज र हर्जना असुलीको सिलसिलामा उक्त कार्य सम्पन्न गर्ने क्रममा आएका अन्य खर्च समेत तपाईबाट लेना रकम सरह असुल उपर गर्ने व्यहोरा पनि जानकारी गराउदछौं । सो प्रक्रियाबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा तपाई ऋणी तथा धनजमानत दिनेको घर-घराना, चल-अचल सम्पत्तिबाट प्रचलित कानुन-वमोजिम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित ऋणी तथा धन जमानीलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

| क्र.सं. | ऋणीको तीनपुस्ते विवरण | जमानत दिनेको विवरण | धितोको बिवरण |
|---|---|---|---|
| १ | **नाम : मनिता घिमिरे**<br>पति : जयराम घिमिरे<br>स-बाजे : विष्णु प्रसाद घिमिरे<br>ठेगाना : जितपुर-०५, काठमाडौ | **नाम : जयराम घिमिरे**<br>बुबा : विष्णु प्रसाद घिमिरे<br>बाजे : गुणनाथ घिमिरे<br>ठेगाना : जितपुर-०५, काठमाडौ | जितपुर-०५, काठमाडौ<br>वडा नं. ०५ छ<br>कि.न. १४९, १५३<br>क्षेत्रफल: ०-६-१-०, ०-१३ -१-० |

**लिलामी तालिका**
**मिति :** २०८२ फाल्गुन २० गते बुधबार
**स्थान :** संस्थाको कार्यालय
**समय :** बिहान ११:०० बजे दिउसो ३:०० बजे सम्म
**प्रतिनिधि उपस्थित हुने समय :** दिउसो ३:०० बजे

**धितो लिलामीका शर्तहरू:**
१. धितो लिलाम संस्थाले प्रकाशित गरेको ३५ दिने सार्वजनिक सूचना बमोजिम तोकिएको दिन हुनेछ । उक्त दिन सार्वजनिक विदा परेमा बिदा परेको दोस्रो दिन गरिनेछ ।
२. लिलाम बिक्री सकार गर्ने व्यक्तिले आफुले लिलाम सकार गर्ने रकमको १०% (दश) प्रतिशत रकम संस्थामा धरौटी स्वरूप अनिवार्य रूपमा दाखिला गर्नु पर्नेछ । दाखिला नगरेमा लिलाम सकार गरेको मानिने छैन ।
३. सर्त नं.२ बमोजिम दाखिला गरेको (दश) प्रतिशत रकम बाहेक बाँकी हुन आउने रकम लिलाम सकार भएको मितिले सात दिन भित्र संस्थाको बैंक खातामा दाखिला गरेको प्रमाण पेश गर्नु पर्नेछ तर उल्लेखित सात दिन भित्रमा बाँकी रकम दाखिला नगरेका सर्त नं.२ बमोजिम धरौटी बापत जम्मा गरेको रकम जफत भई लिलाम बिक्री सकार गरेका सम्पत्ति दा.खा. नामसारी गरिने छैन ।
४. लिलाम बिक्री सकार भएको सम्पत्ति सम्बन्धित मालपोत कार्यालयबाट दा.खा. नामसारी गर्न लाग्ने सम्पूर्ण खर्च तथा दस्तुर लिलाम सकार गर्ने व्यक्ति, संघ संस्थाले तिर्नु व्यहोर्नु पर्नेछ ।
५. कुनै विशेष कारणले तथा ऋणीले रकम चुक्ता गरेमा लिलाम स्थगित गर्ने अधिकार संस्थामा निहित हुनेछ ।
६. लिलाम बिक्रीको बारेमा विस्तृत जानकारी संस्थाबाट प्राप्त गर्न सकिनेछ ।

**वचन बचत तथा ऋण सहकारी संस्था लि.**
डिल्लीबजार, काठमाडौं, फोन: ०१-४४३५७७९, ०१-४४३४३२०
Email: savingbachan@gmail.com, Web: www.bachansaving.com


# अस्पतालबाटै शव साटिएको घटना छानबिन गर्न समिति गठन

**सिरहा (प्रस)–** यहाँको लहानस्थित रामकुमार शारडा उमाप्रसाद मुरारका प्रादेशिक अस्पतालमा 'परीक्षण'का लागि राखिएको शव साटिएको घटना छानबिनका लागि पाँच सदस्यीय समिति गठन गरिएको छ ।

इलाका प्रशासन कार्यालय लहानका प्रमुख वेदनिधि खनालको संयोजकत्वमा समिति गठन गरिएको हो । प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले शव साटिएपछि उत्पन्न विवाद र स्थानीयको आन्दोलनका कारण उत्पन्न तनावलाई मध्यनजर गर्दै घटनालाई गम्भीरतापूर्वक लिएर अनुसन्धानका लागि समिति गठन गरिएको बताए ।

'इलाका प्रशासन कार्यालय लहानका प्रमुखको संयोजकत्वमा मृतकका काका, अस्पतालका विशेषज्ञ चिकित्सक, सम्बन्धित वडाका अध्यक्ष र प्रहरी निरीक्षक सहभागी रहनेगरी पाँच सदस्यीय छानबिन समिति गठन गरिएको छ,' उनले भने, 'घटनाको निष्पक्ष र प्रभावकारी छानबिनका लागि अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा. रञ्जित झालाई केही समयका लागि बिदामा बस्न र शवगृहका कर्मचारीलाई जिम्मेवारीबाट हटाउन निर्देशन दिइसकेका छौं ।'

गत शनिबार आत्महत्या गरेको भनिएकी गोलबजार नगरपालिका-३ की १६ वर्षीया निशा बानियाँको शव परीक्षणका लागि अस्पतालमा राखिएको थियो । सोही समयमा सप्तरीकी अर्की एक समान उमेरकी किशोरी राधिकाकुमारी साहको शव पनि परीक्षणका लागि अस्पतालमा राखिएको अवस्थामा अस्पतालले झुक्किएर निशाको शव राधिकाको परिवारलाई बुझाएको थियो । परिवारले आइतबार नै शवको अन्त्येष्टि गरिसकेका छन् । सोमबार निशाका बुबा पूर्णबहादुर बानियाँ शव लिन पुग्दामात्रै शव साटिएको रहस्य खुलेको हो । *रासस*


अरिहन्त मल्टिफाईवर्स लिमिटेड
सोनापुर, सुनसरीको

**वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना**

शेयरधनी महानुभावहरु,
यस अरिहन्त मल्टी फाईवर्स लिमिटेडको सञ्चालक समितिको मिति २०८२।१०।१० मा बसेको बैठकको निर्णयानुसार कम्पनीको आ.व.२०८१।८२ को वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
मिति : २०८२।११।०६ गते बुधबार (तदनुसार १८ फेब्रुअरी २०२६)
समय : बिहान ११:०० बजे
स्थान : कम्पनीको मुख्य कार्यालय, बिराटनगर

**छलफलका प्रस्तावहरु:**
१. संचालक समितिले तयार गरेको आर्थिक वर्ष २०८१।८२१ वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको ३२ आषाढ २०८२ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।
३. चालु आर्थिक वर्ष २०८२।८३ का लागी लेखा परिक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
४. कम्पनी ऐनको दफा ७८ को प्रतिवेदन सम्बन्धमा ।
५. संचालक नियुक्ती सम्बन्धमा ।
६. चन्दा उपहार खर्चको अनुमोदन सम्बन्धमा ।
७. संचालक समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
८. विविध ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



## युएइ/साउदीमा रोजगार

कम्पनी : ALNIZAMI BUILDING CLEANING SERVICES
पूर्व स्वीकृति मिति : २०८२/०४/१८ | पूर्व स्वीकृति मिति : २०८२/०४/१८ | LT. No. 328380 | चलानी नं. ६०२४२२७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 20 | 0 | 1000 | ३७,६२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : KADINA MEDICAL CENTER
पूर्व स्वीकृति मिति : २०८२/१०/११ | LT. No. 337754 | चलानी नं. ६०२५१३३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nurse | 0 | 1 | 4000 | १५४,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २१ गते (4th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२३०/०७४/०७५
**Career Development Human Resource Pvt. Ltd.**
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, 9823299967, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com



## युएइमा रोजगार

कम्पनी : CONNECT RESOURCES L.L.C
पूर्व स्वीकृति मिति : २०८१/०८/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/१३ | LT. No. 315055 | चलानी नं. ६०२२९३७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | electrician general | 50 | 0 | 1200 | ४७,८९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 22 | 0 | 900 | ३५,९१९ | | | | | | | |
| 3 | Mason | 41 | 0 | 1200 | ४७,८९२ | | | | | | | |
| 4 | Shattering Carpenter | 25 | 0 | 1200 | ४७,८९२ | | | | | | | |
| 5 | Steal Fixer | 22 | 0 | 1200 | ४७,८९२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २१ गते (4th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ११३०/०७३/०७४

Rasuwa Overseas Pvt. Ltd.

Airport, Kathmandu, Nepal, Tel:. +977-5906439/5906448, 9840557986/9813517109/9851354485

E-Mail : rasuwaoversease@gmail.com, Website : www.rasuwaoverseas.com



भारतको श्रीनगरमा हिमपात भइरहेको बेला साइकलमा दूधका क्यानिस्टरहरू बोकेर हिँडिरहेका एक व्यक्ति । *तस्बिर: एएफपी*

# ट्रम्पको कर चेतावनीले सियोल चिन्तित

**सियोल–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अटोमोबाइल, काठ र फार्मास्युटिकल्सलगायत दक्षिण कोरियाबाट आयात हुने सामानहरूमा कर बढाउने घोषणा गरेपछि दक्षिण कोरियाको सरकारले मंगलबार आपत्कालीन बैठक बोलाएर स्थिति मूल्यांकन गरेको छ ।

राष्ट्रपति ट्रम्पले सोमबार दक्षिण कोरियाले वासिङ्टनसँग यसअघि भएको व्यापार सम्झौताको पूर्णपालना नगरेको आरोप लगाउँदै ती सामानहरूमा कर बढाउने बताएका हुन् । उनको घोषणाअनुसार हाल १५ प्रतिशत रहेको कर दर बढेर २५ प्रतिशत पुग्ने छ ।

तर, दक्षिण कोरियाको राष्ट्रपति कार्यालयले अमेरिकी पक्षबाट यस्तो कर वृद्धि योजनाबारे आफूहरूलाई पहिल्यै कुनै आधिकारिक सूचना नआएको स्पष्ट पारेको छ । राष्ट्रपति ट्रम्पले आफ्नो सामाजिक सञ्जाल प्लेटफर्म 'ट्रुथ सोसल'मा लेख्दै 'दक्षिण कोरियाको विधायिकाले अमेरिकासँग गरिएको सम्झौताअनुसार काम गरिरहेको छैन' भन्ने दाबी गरेका छन् । उनका अनुसार कोरियाली संसद्ले 'हाम्रो ऐतिहासिक व्यापार सम्झौता लागू नगरेकाले' उनले कर दर बढाउने निर्णय लिएका हुन् ।

यस घोषणापछि सियोलमा मंगलबार आपत्कालीन बैठक बसेको थियो । उक्त बैठकमा हाल क्यानाडामा रहेका व्यापार तथा उद्योगमन्त्री किम जंग-क्वान टाढाबाट सहभागी भएका थिए । बैठकपछि जारी गरिएको विज्ञप्तिमा दक्षिण कोरियाली सरकारले अमेरिकीपक्षसँग भएको प्रशुल्क सम्झौता कार्यान्वयनप्रति आफ्नो प्रतिबद्धता दोहोऱ्याउँदै शान्त र मापन गरिएको तरिकाले प्रतिक्रिया जनाउने बताएको छ ।

सरकारले वासिङ्टनले घोषणा गरेको कर वृद्धि तत्काल लागू नहुने र संघीय रजिस्टरमा प्रकाशनजस्ता आवश्यक प्रशासनिक प्रक्रिया पूरा भएपछि मात्र प्रभावमा आउने विश्वास व्यक्त गरेको छ । यसैबीच, दक्षिण कोरियाका व्यापारमन्त्री किम यस विषयमा छलफल गर्न अमेरिकी वाणिज्यमन्त्री हावर्ड लुटनिकसँग भेटवार्ता गर्न वासिङ्टन जाने तयारीमा छन् ।

यो घटनाक्रम वासिङ्टन र सियोलबीच केही महिनाअघि मात्र व्यापार तथा सुरक्षा सम्झौता भएको पृष्ठभूमिमा आएको हो । ती सम्झौताहरूले लामो समयदेखि चलेको तनावपूर्ण वार्तालाई सीमित गर्दै द्विपक्षीय सम्बन्धलाई नयाँ दिशामा लैजाने अपेक्षा गरिएको थियो । गत अक्टोबरमा दक्षिण कोरियाली समकक्षी ली जे म्युङसँग राष्ट्रपति ट्रम्पको भेटपछि अमेरिकी शुल्क कटौती र दक्षिण कोरियाबाट थप लगानीको प्रतिबद्धतासहित सम्झौतालाई अन्तिम रूप दिइएको थियो ।

त्यसयता उक्त सम्झौता दक्षिण कोरियामा कानुनीरूपमा अझै लम्बित अवस्थामा रहेको छ । सियोलको राष्ट्रपति कार्यालयले नोभेम्बरमा यस सम्झौताले बाध्यकारी कानुनी दस्तावेजभन्दा बढी समझदारी ज्ञापनपत्रको स्वरूप लिएको तर्क गर्दै संसदीय स्वीकृतिको आवश्यकता नपर्ने जनाएको थियो । सम्झौता संसद्मा पेस गरिएको छ वा छैन भन्ने प्रश्नमा एक वरिष्ठ अधिकारीले मंगलबार एएफपीलाई आफूहरूले त्यसबारे समीक्षा गरिरहेको बताउँदै विस्तृत जानकारी दिन अस्वीकार गरेका छन् ।

सम्झौताअनुसार वासिङ्टनले सवारीसाधन, कार पार्ट्स र फार्मास्युटिकल्ससहित दक्षिण कोरियाली सामानहरूमा अधिकतम् १५ प्रतिशतसम्म कर लगाउने व्यवस्था गरेको थियो । विशेषगरी, यस सम्झौताले दक्षिण कोरियाली कारहरूमा लाग्ने अमेरिकी शुल्क २५ प्रतिशतबाट घटाएको थियो । तर राष्ट्रपति ट्रम्पको पछिल्लो चेतावनी यदि कार्यान्वयनमा आयो भने त्यो व्यवस्था उल्टिने छ ।

संयुक्त राज्य अमेरिकामा दक्षिण कोरियाको कूल निर्यातमध्ये करिब २७ प्रतिशत अटो उद्योगले ओगटेको छ, जुन देशको कूल कार निर्यातको लगभग आधा हिस्सा हो । उच्च करदरमा पुनः फर्किनु परेमा दक्षिण कोरियाली निर्यात जापान र युरोपेली संघ (इयू) जस्ता अर्थतन्त्रहरूको तुलनामा कमजोर स्थितिमा पर्न सक्ने विश्लेषकहरूको भनाइ छ, किनकि ती दुवैले अमेरिकासँग १५ प्रतिशत करमै सहमति गरिसकेका छन् ।

हालसम्म ट्रम्प प्रशासनले कर परिवर्तन लागू गर्न आवश्यक औपचारिक सूचनाहरू सार्वजनिक गर्न बाँकी नै राखेको छ । दक्षिण कोरियालाई लक्षित गर्दै आएको यो चेतावनी हालैका दिनहरूमा अमेरिकी राष्ट्रपतिको प्रमुख व्यापारिक साझेदारहरूमाथिको पछिल्लो कडा अभिव्यक्तिमध्ये एक हो ।

यसअघि सप्ताहन्तमा राष्ट्रपति ट्रम्पले क्यानाडालाई चेतावनी दिँदै चीनसँग व्यापार सम्झौता गरेमा सीमापार आउने सबै सामानमा १०० प्रतिशत भन्सार शुल्क लगाइने बताएका थिए । त्यसैगरी, जनवरीको सुरुमा उनले ग्रिनल्याण्ड खरिद नभएसम्म धेरै युरोपेली राष्ट्रहरूमा कर लगाउने धम्की दिएका थिए, र त्यसपछि पनि उनले ती धम्कीहरूलाई सार्वजनिकरूपमा समर्थन गर्दै आएका छन् । *रासस/एएफपी*

# युक्रेन युद्धमा बंगलादेशी कामदारको पीडा

**लक्ष्मीपुर (बंगलादेश)–** युक्रेन युद्धमा बंगलादेशी कामदारहरूलाई नागरिक कामको झूटो आश्वासन दिएर रुस लगिएको र पछि लडाइँमा जबरजस्ती धकेलिएको एसोसिएटेड प्रेस (एपी) को अनुसन्धानले खुलासा गरेको छ । एपीले रुसबाट भाग्न सफल तीन जना बंगलादेशी पुरुष तथा अझै बेपत्ता रहेका अन्य तीन जनाका परिवारसँग गरेको अन्तर्वार्ताका आधारमा श्रम भर्तीकर्ताहरूले गरेको संगठित छलकपटको विस्तृत तस्बिर प्रस्तुत गरेको हो ।

एपीका अनुसार मकसुदुर रहमान, मोहन मियाजी र जहाँगीर आलमले आफूहरूलाई खाना पकाउने, सरसफाइ गर्ने र लुगा धुनेजस्ता नागरिक कामको वाचा गरेर रुस लगिएको तर त्यहाँ पुगेपछि अञ्जानमै सैन्य सेवाको सम्झौतामा हस्ताक्षर गराइएको बताएका छन् । पछि उनीहरूलाई युक्रेन युद्धको अग्रपंक्तिमा आपूर्ति ढुवानी, घाइतेहरू उद्धार र शव संकलनजस्ता अत्यन्त जोखिमपूर्ण काममा बाध्य पारिएको थियो ।

एपीले पठाएका प्रश्नहरूको औपचारिक जवाफ रुसी रक्षा मन्त्रालय तथा बंगलादेश सरकार दुवै तर्फबाट आएको छैन । तर एपीले प्राप्त गरेका भिसा, सैन्य सम्झौता र सेनासम्बन्धी कागजातहरूले यी कथनहरूलाई पुष्टि गरेका छन् ।

एपीको अनुसन्धानअनुसार बंगलादेशका गरिब समुदायमा सक्रिय श्रम एजेन्टहरूले सन् २०२४ को अन्त्यतिर पुरुषहरूलाई आकर्षक तलब र भविष्यमा रुसमा बसोबासको अवसरको आशा देखाउँदै प्रलोभनमा पारेका थिए । धेरैले एजेण्टलाई तिर्नुपर्ने शुल्क जुटाउन



ऋण लिनुपऱ्यो वा सम्पत्ति बेच्नुपऱ्यो । उनीहरूले सजिलै कमाइ फिर्ता हुने विश्वास गरेका थिए । हाल युक्रेन युद्धमा कति बंगलादेशी लडिरहेका छन् भन्ने स्पष्ट तथ्यांक छैन । तर फर्केका ती तीन जनाले यो संख्या सयौंमा हुनसक्ने अनुमान गरेका छन् । एक बंगलादेशी प्रहरी अनुसन्धानकर्ताका अनुसार युद्धमा करिब ४० जना बंगलादेशीको ज्यान गएको हुनसक्ने आशंका छ ।

रुस पुगेपछि धेरैलाई उनीहरूले नबुझेको रुसी भाषामा लेखिएका सैन्य सम्झौतामा हस्ताक्षर गर्न बाध्य पारिएको थियो । सुरुमा यो सामान्य प्रक्रिया हो भन्ने विश्वास दिलाइए पनि केही समयमै उनीहरूलाई सैनिक शिविरमा लगेर आधारभूत तालिम दिइयो । ड्रोनसम्बन्धी तालिमसमेत दिइएपछि उनीहरूलाई शंका पैदा भयो । परिवार र स्थानीय एजेण्टलाई सोध्दा युद्धग्रस्त देशमा यस्तो तालिम अनिवार्य भएको जवाफ दिइयो ।

जब अग्रपंक्तिमा पठाइने कुरा स्पष्ट भयो, केहीले विरोध गरे । तर जेल, कुटपिट र मृत्युसम्मको धम्की दिइएपछि उनीहरू आफू फसेको महसुस गर्न बाध्य भए । कतिपयलाई द्वन्द्वमा मानव ढालझैँ प्रयोग गरिएको अनुभव पनि रहेको उनीहरूको भनाइ छ ।

एपीले स्वेच्छाले सैन्य सेवामा साइन अप गरेका केही बंगलादेशीहरू पनि झूटा आश्वासनमा परेको उल्लेख गरेको छ । दुर्गम क्षेत्रमा ग्यास प्रशोधन केन्द्रमा काम गरिरहेका एकजना व्यक्तिलाई लडाइँबाट टाढाको प्राविधिक भूमिका दिने भनिए पनि अन्ततः उनलाई युक्रेनको युद्ध क्षेत्रमा पठाइयो । आदेश नमानेपछि उनले धम्की र कुटपिट सहनुपरेको र अन्ततः शव संकलनको काम गर्न बाध्य पारिएको बताएका छन् ।

यसैबीच, बंगलादेशी अधिकारीहरूले युक्रेन युद्धमा लड्न मानिसहरू पठाउने मानव बेचबिखन सञ्जालको अनुसन्धान थालेका छन् । जनवरी २०२५ मा एक व्यक्ति रुसबाट फर्किएपछि आफू ठगिएको उजुरी दिएसँगै अनुसन्धान सुरु भएको थियो । यस क्रममा मस्कोमा बसोबास गर्ने रुसी नागरिकता लिएका एक बंगलादेशीमाथिसमेत आरोप लागेको छ ।

एपीका अनुसार ती पुरुषहरूलाई एसपी ग्लोबल नामक स्थानीय भर्ती एजेन्सीमार्फत रुस पठाइएको थियो । हाल उक्त कम्पनी निष्क्रिय रहेको र सन् २०२५ मै यसको गतिविधि बन्द भएको अनुसन्धानकर्ताहरूले बताएका छन् । कम्पनीले भने एपीको सम्पर्क प्रयासमा कुनै प्रतिक्रिया दिएको छैन । *रासस/एपी*

# भारत–युरोप व्यापार सहमति ऐतिहासिक



**नयाँदिल्ली–** भारत र युरोपेली संघ (इयू) बीच करिब दुई दशकदेखि चल्दै आएको वार्तापछि अन्ततः एक विशाल र बहुप्रतीक्षित व्यापार सम्झौता सफलतापूर्वक सम्पन्न भएको छ । मंगलबार नयाँदिल्लीमा भएको उच्चस्तरीय भेटमा दुवै पक्षका नेताहरूले यस सम्झौतालाई औपचारिक रूप दिने तयारी गर्दै यसलाई 'सबै सम्झौताको जननी' भनेर व्याख्या गरेका छन् ।

युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयन र युरोपेली परिषद्का अध्यक्ष एण्टोनियो कोस्टाले मंगलबार बिहान भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता गरेकी हुन् । प्रधानमन्त्री मोदीले सोमबार सम्पन्न भएको यो सम्झौताले विश्वका दुई प्रमुख अर्थतन्त्र-संयुक्त राज्य अमेरिका र चीन-बाट सिर्जित चुनौतीहरूको सामना गर्न भारत र इयू दुवैलाई सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन् ।

'विश्वभरका मानिसहरूले यस सम्झौतालाई सबै सम्झौताको आमाका रूपमा हेरिरहेका छन्,' प्रधानमन्त्री मोदीले नयाँदिल्लीमा आयोजित भेटअघि भनेका थिए । उनका अनुसार यो सम्झौताले भारतका करिब एक अर्ब ४० करोड नागरिक र इयूका लाखौं जनताका लागि नयाँ सम्भावना र अवसरहरू खोल्ने छ । प्रधानमन्त्रीले यो सम्झौताले विश्वव्यापी कूल गार्हस्थ उत्पादन (जिडिपी) को करिब २५ प्रतिशत र विश्व व्यापारको करिब एकतिहाइ हिस्सा प्रतिनिधित्व गर्ने तथ्य पनि उल्लेख गरेका थिए ।

सोमबार भारतको गणतन्त्र दिवस परेडमा प्रमुख अतिथिका रूपमा सहभागी भएका इयूका नेताहरू मंगलबार बिहान प्रधानमन्त्री मोदीसँग औपचारिक छलफलमा बसेका हुन् । इयूले विश्वकै सबैभन्दा बढी जनसंख्या भएको राष्ट्र भारतलाई भविष्यका लागि अत्यन्तै महत्त्वपूर्ण र रणनीतिक बजारका रूपमा लिएको छ ।

त्यसैगरी, नयाँदिल्लीले इयूलाई आफ्नो तीव्र गतिमा बढ्दै गएको पूर्वाधार विकास, प्रविधि हस्तान्तरण तथा लाखौं नयाँ रोजगारी सिर्जना गर्न आवश्यक लगानीको प्रमुख स्रोतका रूपमा हेरेको छ । दुवै पक्षबीचको आपसी निर्भरता र विश्वासलाई यो सम्झौताले अझ बलियो बनाउने अपेक्षा गरिएको छ ।

सन् २०२४ मा भारत र इयूबीच सामानको द्विपक्षीय व्यापार एक खर्ब २० अर्ब युरो (करिब एक खर्ब ३९ अर्ब अमेरिकी डलर) पुगेको इयूको तथ्यांकले देखाउँछ । यो पछिल्लो एक दशकमा झण्डै ९० प्रतिशतले वृद्धि भएको हो । यसका अतिरिक्त, सेवाहरूको व्यापारमा करिब ६० अर्ब युरो (६९ अर्ब डलर) थप कारोबार भएको छ ।

सम्झौता अनुसार भारतले कपडा, औषधिलगायतका क्षेत्रका उत्पादनहरूलाई युरोपेली बजारमा सहज पहुँच दिलाउने सर्तमा कार, वाइनजस्ता प्रमुख युरोपेली उत्पादनहरूका लागि आफ्नो बजार अझ खुला गर्ने अपेक्षा गरिएको छ । अध्यक्ष भोन डेर लेयनले इयूले परम्परागतरूपमा संरक्षण गरिएको भारतीय बजारमा अहिलेसम्मकै उच्चस्तरको पहुँच पाउने बताउँदै भारततर्फको युरोपेली निर्यात दोब्बर हुने आशा व्यक्त गरेकी छन् ।

उनका अनुसार यो सम्झौताबाट इयूले प्रमुख औद्योगिक तथा कृषि वस्तु क्षेत्रमा उल्लेखनीय प्रतिस्पर्धात्मक लाभ प्राप्त गर्ने छ । भारतका लागि भने कपडा, रत्न तथा गहना, छालाजन्य वस्तु, साथै सेवा क्षेत्रजस्ता महत्त्वपूर्ण उद्योगहरूलाई ठूलो प्रोत्साहन मिल्ने प्रधानमन्त्री मोदीले स्पष्ट पारेका छन् ।

इयूको पक्षबाट भारतमा अटोमोबाइल, वाइन तथा खाद्य सामग्रीको निर्यातमा लाग्ने कर घट्ने अपेक्षा गरिएको छ । यद्यपि, वार्तासँग परिचित स्रोतहरूका अनुसार स्टिलमा लागू हुने इयूको कार्बन सीमा करजस्ता केही जटिल विषयमा अन्तिम क्षणसम्म गहन छलफल भएको थियो ।

ब्रसेल्स र नयाँदिल्ली दुवैले अमेरिकी कर नीति र चिनियाँ निर्यात नियन्त्रणको दबाबबीच नयाँ र भरोसायोग्य बजार खोजिरहेका बेला यो सम्झौता सम्पन्न भएको हो । यससँगै मौसमी कामदार, विद्यार्थी, शोधकर्ता तथा उच्च दक्ष पेशेवरहरूको आवागमन सहज बनाउने अलग सम्झौता र सुरक्षा तथा रक्षा सहकार्यसम्बन्धी समझदारी पनि हुने अपेक्षा गरिएको छ ।

'भारत र युरोपले स्पष्ट छनोट गरेका छन्- रणनीतिक साझेदारी, संवाद र खुलापनको छनोट,' अध्यक्ष भोन डेर लेयनले सामाजिक सञ्जालमा लेखेकी छन्, 'हामी विभाजित हुँदै गएको संसारलाई देखाउँदै छौं कि सहकार्यको अर्को बाटो पनि सम्भव छ ।'

अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार भारत यसै वर्ष विश्वको चौथो ठूलो अर्थतन्त्र बन्ने दिशामा अघि बढिरहेको छ । *रासस/एएफपी*

## मंगोलियामा अत्यधिक चिसोका कारण १३ जनाको मृत्यु

**उलान बाटोर (मंगोलिया)–** मंगोलियामा सन् २०२६ को जनवरीमा मात्र अत्यधिक चिसो (हाइपोथर्मिया) को कारण १३ जनाको मृत्यु भएको रेकर्ड गरेको देशको राष्ट्रिय प्रहरी एजेन्सी (एनपिए) ले मंगलबार जनाएको छ ।

पीडितमध्ये अधिकाशंले रक्सी पिएको एनपिएले विज्ञप्तिमार्फत जनाएको छ । चिसोको उच्च जोखिमको समयमा हाइपोथर्मियाको कारण मृत्यु हुनुको मुख्य कारक रक्सीको सेवन भएको एनपिएले जनाएको छ ।

जनवरीको मध्यदेखि, रूसको साइबेरियामा उत्पत्ति भएको चिसो हावा मंगोलियाको ठूलो भागहरूमा फैलिएपछि मंगोलियाको तापक्रममा गिरावट आएको जनाइएको छ । जनवरी-२१ मा देशको मौसम विज्ञान विभागका अनुसार उत्तरी मंगोलियन प्रान्त सेलेञ्जको प्रशासनिक उपविभाग एरु सोममा रातको तापक्रम माइनस ४५.२ डिग्री सेल्सियसमा झरेको जनाइएको छ ।

मंगोलियामा चिसो तथा जाडो लामो समयसम्म रहने र तापक्रम माइनस २५ डिग्री सेल्सियस र माइनस ४५ डिग्री सेल्सियसको बीचमा हुने जनाइएको छ । *रासस/सिन्ह्वा*

**मलेसियामा रोजगार**

कम्पनी : ZINS SECURITY SERVICES SDN. BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/१३ | LT. No. 331330 | चलानी नं. ६०२४५१०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 18 | 0 | 1700 | ६३,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ २१ गते (4th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC 1675/080/81
STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com

**कुवेतमा रोजगार**

कम्पनी : VARARI GLOBAL LAUNDRY AND STEAM IRONING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/१०/१३ | LT. No. 337828 | चलानी नं. ६०२५१३१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hand Steam Iron man | 25 | 0 | 100 | ४७,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Laundry Staff | 25 | 0 | 150 | ७०,९६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ २१ गते (4th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ७९७/०६५/०६६
Saudi Nepal Recruitment Agency Pvt.Ltd.
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

**साउदीमा रोजगार**

कम्पनी : ABDULAZIZ YAHYA SALEM AL-WADAANI CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/१०/०७ | LT. No. 337420 | चलानी नं. ६०२५१२९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker/ Helper | 2 | 0 | 1200 | ४६,४३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : GOLDEN SUPPLY BARBER SHOP

पूर्व स्वीकृति मिति : २०८२/०९/०८ | LT. No. 337603 | चलानी नं. ६०२५१२९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barber | 1 | 0 | 1700 | ६५,७८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ २१ गते (4th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SHIVAM INTERNATIONAL MANPOWER SERVICES PVT. LTD
Sinamangal-9, Kathmandu Nepal, Tel : +977 01-5912780
Email : shivamintl9@gmail.com, Web: www.shivamintlmanpower.com.np
Gov Lic.No. 1570/079/80

**युएइमा रोजगार**

कम्पनी : S K SOLUTIONS FACILITY SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०४/१९ | पुनः विज्ञापन | LT. No. 323082 | चलानी नं. ६०२३७०१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners Male | 17 | 0 | 800 | ३१,६१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Helpers/Packers | 46 | 0 | 950 | ३७,५३९ | | | | | | | |

कम्पनी : K SOLUTIONS FACILITY SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/१०/०६ | पुनः विज्ञापन | LT. No. 317277 | चलानी नं. ६०२३१५१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stocker | 40 | 0 | 900 | ३५,५६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : DANFE RESTAURANT

पूर्व स्वीकृति मिति : २०८१/०२/०४ | पुनः विज्ञापन | LT. No. 304951 | चलानी नं. ६०२१९६७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | packer | 9 | 0 | 800 | ३१,६१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ २१ गते (4th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1047/073/74
YOUNG MANPOWER PVT.LTD. (PUJAN H. R. SERVICE)
Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816
E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np/

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – ३०९३०० | प्रति तोला – ० | प्रति तोला – ६८७०



**सुन्तला बिक्री** | सुनसरीको इनरुवा नगरपालिका–४ स्थित बसचोकमा भोजपुरबाट ल्याएको सुन्तला गाडीबाट झार्दै व्यापारी । सुन्तला थोकमा रू १२५ प्रतिकिलोका दरले बिक्री भइरहेको व्यापारी बताउँछन् । *तस्बिर : नवीन गड्तौला/रासस*

# निर्वाचन आचारसंहिता पालना गराउन उद्योगीको माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारसंहिता, २०८२ लाई कडाइका साथ पालना गराउन उद्योग, व्यवसायलगायत निजी क्षेत्रसँग सम्बन्धित प्रतिनिधिमूलक संस्थाका प्रतिनिधिले माग गरेका छन् ।

निर्वाचन आयोगले आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी आज यहाँ आयोजना गरेको निजी क्षेत्रका छाता संस्थाहरूसँगको अन्तर्क्रियामा सहभागी वक्ताहरूले निर्वाचन आचारसंहिता पालना भएमात्र स्वच्छ, निष्पक्ष र स्वतन्त्र रूपामा निर्वाचन हुने भएकाले त्यसतर्फ ध्यानाकर्षण गराएका हुन् ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले निर्वाचन आचारसंहिताको पूर्णपालना गराउन अनुगमनमा कडाइ गर्नुपर्ने र आचारसंहिता उल्लंघन भएको पाइएमा तत्काल कारबाहीको व्यवस्था गर्नुपर्ने सुझाव दिए । उद्योग क्षेत्रलाई व्यवस्थित निष्पक्ष र लगानीमैत्री बनाउन स्पष्ट सीमा र पारदर्शी लेखा प्रणाली आवश्यक भएको उनको विचार थियो । निर्वाचन आचारसंहिता पालना र मतदाता शिक्षाको लागि उद्योग क्षेत्रबाट आवश्यक सहयोग गर्न आफूहरू तयार रहेको पनि अध्यक्ष अग्रवालले जानकारी गराए ।

नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठले निजी क्षेत्रमा लगानीमैत्री वातावरण बनाउन नीतिगत स्पष्टता र राजनीतिक स्थायित्व आवश्यक भएको बताए । निर्वाचन सम्पन्न गराएर स्थिर सरकार बनाउन आवश्यक रहेको उनको धारणा थियो । निर्वाचनमा उम्मेदवारहरूले खर्च विवरण लिँदा पारदर्शी रूपमा बैंकबाटै कारोबार गर्ने व्यवस्था राम्रो भएकाले त्यसलाई

▶▶ निर्वाचन आयोगले आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी आज यहाँ आयोजना गरेको निजी क्षेत्रका छाता संस्थाहरूसँगको अन्तर्क्रियामा सहभागी वक्ताहरूले निर्वाचन आचारसंहिता पालना भएमात्र स्वच्छ, निष्पक्ष र स्वतन्त्र रूपामा निर्वाचन हुने भएकाले त्यसतर्फ ध्यानाकर्षण गराएका हुन् ।

पूर्ण रूपमा कार्यान्वयन गराउन पनि उनले माग गरे । उद्योग वाणिज्य महासंघको केन्द्र र सबै शाखाहरूबाट पनि निर्वाचन आचारसंहिता र मतदाता शिक्षासम्बन्धी विषयमा प्रचारप्रसार गरेर निर्वाचन सम्पन्न गराउन आयोगलाई सहयोग गर्ने प्रतिबद्धता वरिष्ठ उपाध्यक्ष श्रेष्ठको थियो ।

नेपाल घरेलु तथा साना उद्योग महासंघका अध्यक्ष उमेशप्रसाद सिंहले निर्वाचन आचारसंहिता कडाइका साथ लागू गर्नुपर्नेमा जोड दिँदै मतदाता शिक्षामा आयोगले अझ ध्यान दिनुपर्ने सुझाव दिए । त्यसका लागि आयोगलाई आवश्यक सहयोग गर्न आफूहरू पनि तयार रहेको उनले बताए । बदलिँदो परिस्थितिमा निर्वाचन हुन्छ हुँदैन भन्ने अन्योलबीच निर्वाचन हुन्छ भन्ने वातावरण आयोगले बनाएकोमा उनले खुसी व्यक्त गरे ।

होटल संघ नेपालका अध्यक्ष विनायक शाहले निर्वाचनको समयमा हवाई तथा स्थलमार्गबाट नेपाल भित्रने पर्यटकलाई होटल तथा गन्तव्यसम्म पुग्नका लागि सहज वातावरण बनाउने गरी सहयोग गर्न आयोगलाई आग्रह गरे । गत भदौ २३ र २४ गते भएको आन्दोलनपछि अन्तरराष्ट्रिय जगतमा नै नेपालमा शान्ति पूर्ण रूपमा निर्वाचन हुन सक्दैन भन्ने भ्रम रहेको भन्दै उनले त्यस्तो किसिमका भ्रमलाई गलत सावित गर्नको लागि पनि निर्वाचनको समयमा आउने पर्यटकको उचित व्यवस्थापन आवश्यक रहेको र त्यसतर्फ आयोगले पनि आवश्यक सहयोग गर्न आग्रह गरे । निर्वाचनको समयमा आवश्यक सहयोग र समन्वय गर्न आफूहरू तयार रहेको पनि उनले जानकारी गराए ।

रेष्टुराँ तथा बार एसोसिएसन अफ नेपाल (रेबान) का अध्यक्ष संघर्ष विष्टले निर्वाचन आचारसंहिता र मतदाता शिक्षाका विषयमा आयोगलाई आवश्यक सहयोग गर्न आफ्नो संस्था तयार रहेको बताए । ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) का प्रमुख कार्यकारी अधिकृत रामचन्द्र सेढाइले निर्वाचनको समयमा नेपाल आउने पर्यटकलाई व्यवस्थापन गर्न निर्वाचन आयोगले सहजीकरण गर्नुपर्ने बताए ।

साल्ट ट्रेडिङका महाप्रबन्धक उर्मिला श्रेष्ठले निर्वाचन प्रचारप्रसारमा राष्ट्रिय झण्डा प्रयोग भएको र समुदायलाई असर हुनेगरी ध्वनि प्रदूषण भएको विषयप्रति आयोगको ध्यानाकर्षण गराए । साथै निर्वाचन आचारसंहिता पालनालगायत निर्वाचनसँग सम्बन्धित विषयमा सम्पूर्ण जिल्ला कार्यालय र वेबसाइटमार्फत सहयोग गर्ने प्रतिबद्धतासमेत उनले जनाए ।

नेपाल उद्योग परिसंघका महानिर्देशक घनश्याम भुसालले सातै प्रदेश र जिल्लामा निर्वाचन आचारसंहिताबारे जानकारी गराउने र आचारसंहिता कार्यान्वयनमा निर्वाचन आयोगलाई सहयोग गर्ने प्रतिबद्धता जनाए ।

महिला उद्यमी महासंघका मल्लिका श्रेष्ठले मतपत्रको नमूना निकाल्न राजनीतिक दललाई दिँदा राजनीतिक दलहरूले आफ्नो निर्वाचन चिह्नमा छाप लगाएको मतपत्र मतदातासमक्ष देखाउने गरेको जसको कारण केही मतदाता अन्योलमा समेत पर्ने गरेकाले आयोगले नै मतपत्रको नमूना निकाल्नुपर्ने सुझाव दिए ।

## नवीकरणीय ऊर्जाका लागि सशक्त कानुन बनाइँदै

**कीर्तिपुर (प्रस)–** ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री अनिलकुमार सिन्हाले हरित ऊर्जाको प्रयोग बढाउन बलियो कानुनी तथा नीतिगत आधार तयार गर्नेतिर सरकार लागेको बताएका छन् । सन् २०४५ सम्म कार्बन उत्सर्जनलाई शून्यमा झार्ने राष्ट्रिय लक्ष्य प्राप्त गर्न यस्तो व्यवस्था आवश्यक भएको भनाइ उनको छ ।

मंगलबार सम्पन्न हरित ऊर्जा र कार्बन अर्थतन्त्रसम्बन्धी राष्ट्रिय सम्मेलनमा मन्त्री सिन्हाले संविधानले हरेक नागरिकलाई दिएको स्वच्छ वातावरणको हक र दिगो विकास लक्ष्य भेट्न पनि यस्ता नीति चाहिने बताए । विद्युतीय उपकरण र सवारीसाधनमा दिइएको सहुलियत, सन् २०३५ सम्म सौर्य ऊर्जाको जडित क्षमता ५०० मेगावाट पुर्‍याउने लक्ष्य तथा हालै बनेको इथानोल मिश्रणसम्बन्धी कार्यविधि यसैको उदाहरण भएको उनको भनाइ थियो । परम्परागत भट्टीलाई विद्युतीय भट्टी परिवर्तन गर्नसमेत सहुलियत दिइएको उनले उल्लेख गरे । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रकाशकुमार श्रेष्ठले कुल ऊर्जा खपतमा ६० प्रतिशत अझै आयातित इन्धनको रहेको अवस्थामा कार्बन उत्सर्जनको राष्ट्रिय लक्ष्य प्राप्तिका लागि सबै क्षेत्र लाग्नुपर्ने बताए ।

## ‘युवालाई विदेश पलायन हुनबाट रोक्न सहकारीले योगदान दिनुपर्छ’

■ प्रभाव संवाददाता

**पाटन (ललितपुर)–** सहकारी अभियन्ता एवम् सरोकार भएकाहरूले युवाहरूलाई विदेश पलायन हुनबाट रोक्न सहकारीले योगदान दिनुपर्ने बताएका छन् । राष्ट्रिय सहकारी महासंघद्वारा आयोजित दोस्रो राष्ट्रिय सहकारी युवा तथा प्रविधि सम्मेलन २०८२ को उद्घाटन समारोहमा वक्ताहरूले हाल देखिएका समस्या समाधान गर्दै सहकारीबाट लाभ लिनुपर्नेमा जोड दिए ।

कार्यक्रममा भूमि व्यवस्था, गरिबी निवारण तथा सहकारी मन्त्रालयका सचिव मदन भुजेलले विसं २०४६ को परिवर्तनपछि देशमा समृद्धि ल्याउने अभिप्रायले सहकारीको स्थापना गरिएको बताउँदै यसले रोजगारी र आर्थिक समृद्धिमा धेरै उपलब्धिपूर्ण काम गरेको बताए । उनले सहकारीले वित्तीय पहुँचमा महत्वपूर्ण योगदान पुर्‍याएको भन्दै हाल देखिएका समस्या समाधान गर्दै अगाडि बढ्नुपर्ने धारणा राखे ।

‘सहकारीले महिलाको आर्थिक सशक्तीकरणमा महत्वपूर्ण योगदान पुर्‍याएको छ । अब युवालाई पनि स्वदेशमै उत्पादन र आर्थिक उपलब्धि हासिल गर्न यस क्षेत्रले भूमिका खेल्नुपर्छ । युवाको योगदानमा आधारित अर्थतन्त्रबिना देशको समृद्धि हासिल हुन सक्दैन’, सचिव भुजेलको भनाइ थियो ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरणका अध्यक्ष डा खगराज शर्माले सहकारी र राज्य मिलेर युवा परिचालनमार्फत नवप्रवर्तन र उद्यमशीलमार्फत समृद्धि हासिल गर्न लाग्नुपर्नेमा जोड दिए । महासंघका कार्यबाहक अध्यक्ष रमेशप्रसाद पोखरेलले धेरै मुलुक सहकारीकै माध्यमबाट समृद्ध भएको उल्लेख गर्दै नेपालमा पनि यसबाट धेरै लाभ लिन सकिने बताए । उनले प्रविधिको प्रयोग र संविधानको भावनाअनुरूप नीतिगत व्यवस्था गर्दै सहकारीलाई अर्थतन्त्रको मजबुत खम्बाको रूपमा विकास गरिनुपर्ने धारणा राखे ।

कार्यक्रमका संयोजक एवम् राष्ट्रिय सहकारी महासंघका सञ्चालक सुमन नेपालले विश्व परिवेशलाई आत्मसात गर्दै युवाहरूको नवीन सोच र प्रविधिप्रतिको दख्खललाई सहकारीको मूल्य-मान्यतासँग जोड्नु नै सम्मेलनको मुख्यध्येय भएको बताए ।

## नेप्सेमा गिरावट

**काठमाडौं (प्रस)–** नेप्सेमा उच्च अंकको गिरावट भएको छ । मंगलबार ४२ दशमलव ५८ अंकले घटेर दुई हजार ७२६ दशमलव ५१ को बिन्दुमा कायम भएको हो । जुन एक दशमलव ५३ प्रतिशतको गिरावट हो । विभिन्न ३३३ कम्पनीका तीन करोड दुई लाख ६२ हजार ७१० कित्ता शेयर एक लाख ४२ हजार ४७६ पटक खरिदबिक्री हुँदा रू १४ अर्ब १६ करोड ७१ लाख ७९ हजार ४४२ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

बाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) राख्दा ध्यान दिऔं

- बाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहको अनुमति लिऔं ।
- अनुमति लिँदा होर्डिङ्ग बोर्ड राख्ने स्थान र आकार प्रकारबारे उल्लेख गरौं ।
- होर्डिङ्ग बोर्ड राख्न उपयुक्त भए/नभएको स्थानीय तहले जाँचबुझ गरेरमात्र अनुमति प्रदान गरौं ।
- शहर तथा घना बस्तीमा होर्डिङ्ग बोर्ड राखिने भएकोले जिउ धनको क्षति हुने/नहुने प्राविधिक निरिक्षण गराऔं ।
- अनुमति दिँदा नै तोकिएको शुल्क प्राप्त गरौं ।
- बाह्य विज्ञापन गर्दा अनुमति शुल्क, नविकरण शुल्क, बहाल वा बहालकर तथा विज्ञापन कर संकलन गरौं ।
- बाह्य विज्ञापनलाई स्थानीय तहको आम्दानीको स्रोतको रूपमा विकास गरौं ।
- बाह्य विज्ञापनको लागि विज्ञापन (नियमन गर्ने), ऐन २०७६ अनुसार स्थानीय तहले विज्ञापन ऐन निर्माण गरौं ।

स्थानीय तहको आम्दानी वृद्धि गरौं, गाउँ तथा सहर सुन्दर बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# गण्डकीका ३५ सहकारी खारेज

■ प्रभाव संवाददाता

**गलकोट–** सहकारी रजिष्ट्रारको कार्यालय गण्डकी प्रदेश पोखराले गण्डकीमा निष्क्रिय रहेका ३५ सहकारी खारेज गरेको छ ।

संस्थाले यही माघ १० गते नौवटा विभिन्न प्रकृतिका सहकारी संस्थाको दर्ता खारेजी गरेको जनाएको छ । कार्यालयले यसअघि २६ सहकारी खारेज गरिसकेको छ । गण्डकी प्रदेश सहकारी ऐन, २०७५ को दफा ७१ उपदफा (३) अनुसार लगातार दुई वर्ष कुनै पनि कारोबार नगरी निष्क्रिय रहेका सहकारीको दर्ता खारेजी गरिएको रजिष्ट्रार कार्यालयले यही माघ १० गते सार्वजनिक सूचना जारी गरी जानकारी गराएको छ ।

कार्यालयको माघ ९ गतेको निर्णयानुसार स्याङ्जाका चार, पर्वतका चार र नवलपुरको एक गरी नौवटा सहकारीको दर्ता खारेज गरिएको हो । निष्क्रिय सहकारीहरूलाई गत असार १५ गते ३५ दिने सार्वजनिक सूचना जारी गरी अद्यावधिक गर्न आह्वान गरिएको भए पनि अद्यावधिक हुन नआएकामध्ये यसपटक नौवटा खारेज गरिएको र केही सहकारी खारेजीको चरणमा रहेको सहकारी रजिष्ट्रार भेषराज रिजालले जानकारी दिए ।

बागलुङमा पनि लामो समयदेखि निष्क्रिय रहेका र अद्यावधिकमा नआएका सहकारीहरूलाई खारेज गर्ने तयारी गरिएको रिजालले बताए । निष्क्रिय रहेका सहकारीहरूको दायित्व बाँकी रहेमा सञ्चालकको जिम्मामा रहने गरी खारेज गर्ने प्रक्रिया अगाडि बढाइएको हो ।

रजिष्ट्रार कार्यालयले गण्डकी प्रदेश नियमन क्षेत्राधिकारमा रहेका हालसम्म ३५ वटा सहकारी संघसंस्थाको खारेजी गरेको छ । खारेज भएका सहकारीमा सबैभन्दा बढी १२ वटा स्याङ्जा, त्यसपछि गोरखाका ६, पर्वतका पाँच, तनहुँका चार, कास्कीका तीन, म्याग्दीका दुई, लमजुङ, बागलुङ र नवलपुरका एक-एकवटा सहकारी खारेज भएको सहकारी रजिष्ट्रार रिजालले जानकारी दिए ।

गण्डकी प्रदेश सहकारी ऐनमा भएको व्यवस्थाअनुसार लगातार दुई वर्षसम्म कुनै पनि कारोबार नगरी निष्क्रिय रहेको पाइएमा दर्ता अधिकारीले सहकारी संस्थाको दर्ता खारेज गर्न सक्नेछ भन्ने व्यवस्थाअनुसार अद्यावधिक हुन नआएका, लगातार दुई वर्षसम्म विवरण पेस तथा प्रतिवेदन पेस नगरी निष्क्रिय रहेका सहकारी संस्थाको खारेजी गर्ने प्रक्रिया अगाडि बढाइएको रजिष्ट्रार रिजालले जानकारी दिए ।

रजिष्ट्रार कार्यालयले खारेज भएका सहकारी संस्थाले तिर्न बुझाउनुपर्ने कुनै दायित्व रहे, भएमा संस्थाका सञ्चालकलगायत जिम्मेवार पदाधिकारी/व्यक्तिहरूले तिर्न बुझाउनसमेत जानकारी गराएको छ । माघ ९ गतेको निर्णयानुसार खारेज हुनेमा स्याङ्जाको वालिङ नगरपालिकास्थित टापु भञ्ज्याङ कृषि सहकारी संस्था लिमिटेड, सोही पालिकाको कटौजे अदुवा उत्पादक सहकारी संस्था लिमिटेड, चापाकोटा गाउँपालिकाको खड्क कालो कृषि सहकारी संस्था लिमिटेड, सोही पालिकाको सरोवर कृषि सहकारी संस्था लिमिटेड रहेका छन् ।

यस्तै पर्वतको कुश्मा नगरपालिकामा रहेको गहते पखरा दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, प्रगति कफी सहकारी संस्था लिमिटेड, पूर्णेश्वर कफी सहकारी संस्था लिमिटेड, पर्वत आदर्श नमूना कृषि सहकारी संस्था लिमिटेड तथा नवलपरासी (ब.सु.पूर्व) स्थित हुप्सेकोट गाउँपालिकाको भूपूसैनिक सहकारी संस्था लिमिटेड खारेज भएका हुन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ